# मैवाखोला गाउँपालिका
## गाउँसभाको सचिवालय
साँघु, ताप्लेजुङ
प्रदेश नं १, नेपाल

**अध्यक्षको वाचनपत्र**

**गाउँसभाको १३ औँ अधिवेशनको तेस्रो बैठक**
**(मिति २०८० असार ०९ गते)**

**बैठक संख्या: ०३** **समय: १२:०० बजे**

सभाका सदस्यज्यूहरू, अब म मैवाखोला गाउँसभाको १३ औँ अधिवेशनको चौथो बैठक प्रारम्भ भएको जानकारी गराउदछु ।

सभाका सदस्यज्यूहरू, गाउँसभाको आजको बैठकको कार्यसूची अनुसार बैठक अगाडी बढ्नेछ । आजको बैठकको कार्यसूची देहाय अनुसार रहेका छन् ।

१. बैठक प्रारम्भ, कार्यसूची वाचन ।
२. समसामयिक विषयमा छलफल(शून्य समयको प्रयोग) ।
३. मैवाखोला गाउँपालिकाको आगामी आ.व. ०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८० सभा समक्ष प्रस्तुत र छलफलका लागि पेश ।
४. बैठक स्थगन ।

सभाका सदस्यज्यूहरू, अब म आजको कार्यसूचीको **दोस्रो** नम्बरमा रहेको समसामयिक विषयमा छलफल गर्ने प्रक्रिया (शून्य समयको प्रयोग) अगाडी बढाउँदछु । १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५१ को उपदफा (१) बमोजिम समसामयिक विषयमा छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले आफ्नो नाम दायाँ\वायाँतर्फ रहेको सचिवालयका कर्मचारीहरूलाई टिपाउन सक्नुहुनेछ ।

समसामयिक विषयमा छलफलमा भाग लिन सर्वप्रथम सदस्य श्री...................लाई अनुमति दिन्छु । समय १ मिनेट निर्धारण गरेको छु ।

समसामयिक विषयमा छलफलमा भाग लिन अर्को सदस्य श्री...................लाई अनुमति दिन्छु । समय १ मिनेट ।

सभाका सदस्यज्यूहरु, समसामयिक विषयमा छलफलमा भाग लिने क्रम यही अन्त्य हुन्छ । आजको यस बैठकमा सदस्यहरूले उठाउनु भएका सवालहरूमा सभाको गम्भिर ध्यानाकर्षण भएकोछ । सभामा उठेका सवालहरूमा १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ५१ को उपदफा (१) बमोजिम सम्बन्धित कार्यपालिकाका सदस्यहरूले सभाको अर्को बैठकमा जवाफ पेश गर्न ध्यानाकर्षण गराउदछु ।

सभाका सदस्यज्यूहरु, अब म आजको बैठकको कार्यसूचीको **तेस्रो** नम्बरमा रहेको विधेयक पेश गर्न बोलाउनेछु । १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३३ को उपदफा (१) अनुसार उपाध्यक्ष श्री कमल कुमारी लिम्बुलाई "मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८०" सभामा पेश गर्न अनुमति दिइयोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**(उपाध्यक्षले प्रस्ताव पेश गर्ने)**

**आगामी आ.व. ०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८० सम्बन्धमा छलफल गरियोस भन्ने प्रस्ताव ।**

**सभा अध्यक्ष महोदय,**

१ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३३ बमोजिम "मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक, २०८०" यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति दिइयोस् भन्ने प्रस्ताव पेश गर्न चाहान्छु ।

**धन्यवाद !**

**उपाध्यक्ष**
**कमल कुमारी लिम्बु**

सभाका सदस्यज्यूहरु, अब म उपाध्यक्ष श्री कमल कुमारी लिम्बुले पेश गर्नु भएको "मैवाखोला गाँउपालिकाको आगामी आ.व. २०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८०" लाई सभामा पेश गर्न अनुमति दिइयोस् भन्ने प्रस्तावलाई १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३३ बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोला र यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोला ।

यस प्रस्तावको पक्षमा हुने सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्छ"** भन्ने पक्षमा रहनुहुने सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

**(अथवा)**

**"हुन्न"** भन्ने आवाज नसुनिएकाले उपाध्यक्ष श्री कमल कुमारी लिम्बुलाई "मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८०" लाई सभा समक्ष विधेयक पेश गर्न अनुमति प्राप्त भएको घोषणा गर्दछु ।

सभाका सदस्यज्यूहरु, अब म १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३३ बमोजिम “मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८०” सभामा प्रस्तुत गर्न उपाध्यक्ष श्री कमल कुमारी लिम्बुलाई अनुमति दिन्छु ।

**(विनियोजन विधेयक र अर्थ विधेयक वाचन)**

मैवाखोला गाउँपालिका

साँघु, ताप्लेजुंङ

# बार्षिक बजेट तथा कार्यक्रम

## आर्थिक बर्ष २०८०\०८१

**प्रस्तुतकर्ता**

**कमल कुमारी लिम्बु**

**(उपाध्यक्ष)**

# <u>आर्थिक वर्ष २०८०\०८१ को वार्षिक बजेट तथा कार्यक्रम</u>

**सभाध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरू,**
**उपस्थित राष्ट्रसेवक कर्मचारीहरू,**
**पत्रकार मित्रहरू !**

आज हामी मैवाखोला गाउँपालिकाको १३ औँ गाउँसभाको तेस्रो बैठकमा उपस्थित भएका छौँ। आजको यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत गर्दछु। नेपालको संविधानले व्यवस्था गरेको सङ्घीय शासन प्रणाली बमोजिम जनतालाई स्थानीय स्तरबाटै सेवा प्रवाह गर्दै उनीहरूको हक अधिकारको सुनिश्चित गर्न, शासन प्रणालीमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै विकासका बहु आयमिक पक्षहरूमा स्थानीय जनसहभागिता, उतरदायित्व, पारदर्शिता सुनिश्चित गरी जनतालाई सहज, सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नका लागि स्थानीय तहको परिकल्पना भए बमोजिम स्थानीय तह अघि बढिरहेको छ। यस १३ औँ गाउँसभाको अवसरमा समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक शासन प्रणालीलाई स्थापना गर्न, राष्ट्रहित लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपालका विभिन्न कालखण्डमा भएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र जनयुद्ध र विभिन्न आन्दोलनहरूका क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्दै शीघ्र स्वास्थ्य लाभको कामना र वेपत्ता योद्धाहरूको स्मरण गर्दै मिति २०८० जेष्ठ ३२ गतेदेखि अबिरल रूपमा भएको वर्षाका कारण बाढी र पहिरोमा परी ताप्लेजुङ लगायत देशका विभिन्न स्थानहरूमा ज्यान गुमाएका मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै बाढी पहिरो पिडीत परिवारहरूमा गहिरो सहानुभूति प्रकट गर्दछु।

यस आर्थिक वर्ष २०८०\०८१ को वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्दा नेपालको संविधानमा उल्लेखित राज्यको निर्देशक सिद्धान्त, सङ्घीय आर्थिक नीति, प्रदेश सरकारको नीति, दिगो विकासको लक्ष्य तथा जनताको माग र आवश्यकतामा आधारित मैवाखोला गाउँपालिकाको आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना, विषयगत क्षेत्रका विज्ञ तथा सरोकारवाला संस्थाहरुको सुझाव, वर्तमान परिस्थितिको मूल्याङ्कन र उपलब्ध सीमित साधन र स्रोतको आधारमा नागरिकको जीवनस्तर बदल्न यो बजेट तयार पारिएको छ। जनचाहना तथा भावनाहरूलाई सम्बोधन गर्ने क्रममा सीमित बजेटबाट असीमित मागहरू सम्बोधन गर्नु अवश्य पनि सहज विषय पक्कै छैन तथापि गाउँपालिकाको वर्तमान आवश्यकता २०८०\०३\०२ गतेको भीषण बाढी र पहिरोको कारण क्षति पुगेका संरचनाहरूको पुनर्निर्माणलाई प्राथमिकतामा राख्दै बाँकी दीर्घकालीन सोचका साथ सकेसम्म ठूला र दीगो विकासमा टेवा पुग्ने मैवाखोला बासीको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने प्रकृतिका योजनाहरू एवं रोजगारी सिर्जना गर्न सक्ने योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेको छु। बजेट निर्माणको क्रममा सहयोग तथा सल्लाह सुझाव दिनुहुने सम्बन्धित क्षेत्र, निजी क्षेत्र, उद्योग वाणिज्य संघ, विभिन्न संघ संस्थाहरू, सरोकारवालाहरू, वुद्धिजिवी वर्ग, राजनीतिक दलका प्रतिनिधिज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू, राष्ट्र सेवक कर्मचारीहरू सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु।

**सभाध्यक्षज्यू,**

आगामी आर्थिक वर्ष २०८०\०८१ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मैले निम्न दस्तावेजहरूलाई आधारको रुपमा लिएको छुः

क) नेपालको संविधान,

ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४,

ग) संघीय तथा प्रदेश सरकारले जारी गरेको नीति, कानुन र मापदण्डहरू ,

घ) संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शन, मैवाखोला गाउँपालिकाको समृद्धिको आधार, अर्ग्यानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार भन्ने २५ वर्षे दीर्घकालीन सोचसहित तयार भएको प्रथम पञ्च वर्षीय आवधिक विकास योजनामा केन्द्रित रहेर यस वर्षको बजेट निर्माण गरिएको छ,

ङ) संघीय सरकार र प्रदेश सरकारबाट जारी भएका मार्गदर्शनहरू

च) गाउँपालिकाको मध्यमकालीन खर्च संरचना, राजस्व सुधार योजना र वार्षिक नीति तथा कार्यक्रमहरू,

छ) गाउँपालिकाको आन्तरिक साधन स्रोत,

ज) टोल विकास संस्था, वडा कार्यालय तथा विषयगत समितिहरूबाट प्राथमिकता निर्धारण भई आएका योजना तथा कार्यक्रमहरू,

झ) संघ र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक नीतिहरू

ञ) विभिन्न साझेदार संस्थाहरूसँग भएका सहकार्यको प्रतिबद्धता आदि।

सभाध्यक्षज्यू,

आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति विकासमा दिगोपना लगायतका क्षेत्रमा रहेको थुप्रै चुनौतिहरू सम्बोधन गर्ने क्रममा प्राप्त मार्गदर्शनहरूलाई सङ्घीय र प्रदेश सरकारको कार्यक्रमसँग समन्वय गरी साझेदार संस्थाहरूसँगको सहकार्य समेत अघि बढाउने गरी बजेट तयार गरेको छु।

यस बजेट तथा कार्यक्रमबाट मैवाखोला गाउँपालिकाको दीर्घकालीन सोच अर्ग्यानिक गाउँपालिका निर्माणका निमित्त आधार तय हुने, मैवाखोला गाउँपालिकाले २०८३ वैशाख महिनाभित्र बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने प्रतिवद्धता पूरा गर्ने लक्ष्यको पहिलो आधार तय हुने, अध्यक्ष रोजगारकार्यक्रम मार्फत सूचीकृत बेरोजगार युवाहरू रोजगारको सुअवसर प्राप्त गरी आर्थिक शसक्तीकरण तर्फ उन्मुख हुने, स्वास्थ्य क्षेत्र व्यवस्थित हुने साथै उपाध्यक्ष चेसुङ कार्यक्रम मार्फत घरमै सुत्केरी गराउने तथा स्वास्थ्य संस्था नजाने गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थाप्रति आकर्षित गराउने, जिरो होम डेलिभरी गराउने, स्वास्थ्य संस्थामा आई सुरक्षित सुत्केरी गराउने साथै पोषणको कार्यक्रमलाई अघि बढाउने, व्यवसायीहरूलाई सहुलियत कर्जा प्रदान गरी व्यवसाय उन्मुख बनाउने, बेसार खेती प्रवर्द्धन गरी उद्योग स्थापना र ब्रान्डिङ तथा प्याकेजिङ गरी रोजगार तथा आय आर्जनमा थप टेवा पुग्ने, शिक्षा क्षेत्रमा नमुना विद्यालय विकास कार्यक्रम मार्फत नौलो कार्य सुरुवात हुने तथा शैक्षिक संस्थान स्वचालन प्रणाली मार्फत विद्यालयको सम्पूर्ण अनुगमन तथा मूल्याङ्कन र व्यवस्थापन पक्ष बलियो हुने, अल्लोको कपडा उत्पादन कार्यक्रम मार्फत स्थानीय कच्चा पदार्थको सदुपयोग हुने साथै महिलाहरूको आर्थिक शसक्तीकरण हुने, एम बी बी एस छात्रवृत्ति कार्यक्रम मार्फत हाम्रो आफ्नै डाक्टर

उत्पादन हुने, मैवाखोला गाउँपालिकाको प्रशासनिक भवन निर्माणको शुरुवात हुने, बहु उद्ध्श्यीय कभर्ड हल मार्फत खेलकुद क्षेत्रको प्रवर्द्धन हुने र गाउँपालिकाको आन्तरिक आयमा वृद्धि हुने, बाढी पहिरोबाट क्षतिग्रस्त सडकहरू मर्मत गरी सुचारु हुने, पशुपालन मार्फत दुग्ध उत्पादनमा आत्म निर्भर भई आय आर्जनमा समेत टेवा पुग्ने विश्वास लिएको छु।

**सभाध्यक्षज्यू,**

**अब म चालु आर्थिक वर्षको हालसम्मको प्रगति विवरण पेश गर्दछु। चालु आर्थिक वर्ष २०७९\०८० को मिति २०८०\०३\०८ गते सम्म भएको खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ।**

| | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| **चालु** | २९,९७,०६,४५५ | १९,९०,६४,७२०.१० | ६६.४१ |
| **पुँजीगत** | १३,५४,१८,००० | ८,६९,२०,०६३.९६ | ६४.१८ |
| **जम्मा** | ४३,५१,२४,४५५ | २८५९८४७८४.०६ | ६५.७२ |

**चालु आर्थिक वर्ष २०७९\०८०को हालसम्मको आन्तरिक आय तथा राजस्व बाँडफाँडको प्रगति यस प्रकार रहेको छ।**

| विवरण | ०७९\०८० को कूल अनुमानित आय | हालसम्मको यथार्थ आम्दानी | प्रगति प्रतिशत |
|---|---|---|---|
| **आन्तरिक आय** | ३५००००० | ३७४७११४.२५ | १०७.०७ |
| **राजस्व बाँडफाँड** | ६९०४५००० | ५१८९६१०५.६३ | ७५.१६ |
| **कुल जम्मा** | ७२५४५००० | ५५६४३२१९.८८ | ७६.७० |

**आगामी आर्थिक वर्ष २०८०\०८१ को आय तर्फ निम्न स्रोत अनुमान गरेको छु।**

| **आय** | **बजेट** | **अक्षरेपी** |
|---|---|---|
| वित्तीय समानीकरण संघ | ९,२६,००,००० | ९ करोड २६ लाख |
| वित्तीय समानीकरण प्रदेश | ५५,६५,००० | ५५ लाख ६५ हजार |
| शसर्त अनुदान संघ | १६,८५,००,००० | १६ करोड ८५ लाख |
| शसर्त अनुदान प्रदेश | २,७५,००० | २ लाख ७५ हजार |
| आन्तरिक आय | ५५,००,००० | ५५ लाख |
| आन्तरिक आय मौज्दाद | २१,६६,००० | २१ लाख ६६ हजार |
| राजस्व बाँडफाँड संघ | ६,५५,९७,८०० | ६ करोड ५५ लाख ९७ हजार ८ सय |
| राजस्व बाँडफाँड प्रदेश | २१,४८,००० | २१ लाख ४८ हजार |
| विशेष अनुदान संघ | १,१५,००,००० | १ करोड १५ लाख |
| विशेष अनुदान प्रदेश | ० | ० |

| | | |
|---|---|---|
| समपुरक अनुदान संघ | ८०,००,००० | ८० लाख |
| समपुरक अनुदान प्रदेश | ९७,००,००० | ९७ लाख |
| अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरूबाट (HPF र GWT) | २,५३,९४,५४० | २ करोड ५३ लाख ९४ हजार ५ सय ४० |
| कुल जम्मा | ३९,६९,४६,३४० | ३९ करोड ६९ लाख ४६ हजार ३ सय ४० |

## क) आम्दानीको अनुमान:

| तह | समानीकरण अनुदान | राजस्व बाँडफाँड | शशर्त अनुदान | आल्या | समपुरक अनुदान | विषेश अनुदान | आन्तरिक आम्दानी | दातृ निकाय | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संघ | 9,26,00,000 | 6,55,97,800 | 16,85,00,000 | | 80,00,000 | 1,15,00,000 | | | **34,61,97,800** | |
| प्रदेश | 55,65,000 | 21,48,000 | 2,75,000 | | 97,00,000 | | | | **1,76,88,000** | |
| आन्तरिक आम्दानी | | | | | | | 55,00,000 | | **55,00,000** | |
| आल्या | | | | 21,66,000 | | | | | **21,66,000** | |
| एच.पि.एफ | | | | | | | | 1,53,85,725 | **15385725** | |
| जि. डव्लु. टी | | | | | | | | 1,00,08,815 | **10008815** | |
| जम्मा | **9,81,65,000** | **6,77,45,800** | **16,87,75,000** | **21,66,000** | **1,77,00,000** | **1,15,00,000** | **55,00,000** | **2,53,94,540** | **39,69,46,340** | |

## ख)खर्च शिर्षक:

| खर्च सिर्षक | समानीकरण | | राजस्व बाडफाँड | | समपुरक | | विशेष अनुदान | | आन्तरिक आम्दानी | शशर्त अनुदान | | अल्या | दातृ निकाय | | जम्म | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संघ | प्रदेश | संघ | प्रदेश | संघ | प्रदेश | संघ | प्रदेश | | संघ | प्रदेश | | एच.फि.एफ | जि.डब्लु.टि | | |
| चालु | | | 6,23,62,800 | 21,48,000 | | | | | 34,00,000 | 15,26,00,000 | 275000 | | 7924995 | | 22,87,10,795 | |
| पुजिगत | 9,26,00,000 | 55,65,000 | 32,35,000 | | 80,00,000 | 97,00,000 | 1,15,00,000 | | 21,00,000 | 1,59,00000 | | 21,66,000 | 7460730 | 10008815 | 16,82,35,545 | |
| जम्मा | 9,26,00,000 | 55,65,000 | 6,55,97,800 | 21,48,000 | 80,00,000 | 97,00,000 | 1,15,00,000 | | 55,00,000 | 16,85,00,000 | 275000 | 21,66,000 | 15385725 | 10008815 | 39,69,46,430 | |
| कुल जम्मा | | | | | | | | | | | | 39,69,46,340 | | | | |

## १.सामाजिक विकास समिति :

### शिक्षाः

मैवाखोला गाउँपालिकामा यस वर्ष पनि एम.वि.वि.एस डाक्टर अध्ययन छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु । शेर्पा भाषा र आनिपान पठन पाठनको लागि बजेट व्यवस्था गरेको छु । संविधानले आधारभूत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरे बमोजिम राज्यका नीतिले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक र जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी र नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै जाने कुरा निर्देशित हुने गरी शिक्षा क्षेत्रमा शशर्त अनुदान बाहेक रु २,८१,०४,९९५ बजेट विनियोजन गरेको छु ।

| क.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं | विनियोजित रकम |
|---|---|---|---|
| 1 | प्रत्येक तहको पाठ्यक्रम प्रबोधीकर०ँ जम्मा द्ध तह | | 800000 |
| 2 | म०्देश्वरी तालिम | | 235000 |
| 3 | अतिरिक्त क्रियाकलाप | | 800000 |
| 4 | अतिरिक्त कक्षा सञ्चालन (कक्षा ड) | | 800000 |
| 5 | शिक्षक, विद्यार्थी र अविभावक सँग हाम्रो जनप्रतिनिधि अन्तरक्रियात्मक कार्यक्रम | | 100000 |
| 6 | एम.वि.वि.एस ८ाक्६र अध्ययन ५ात्रवृत्ति | | 2000000 |
| 7 | बालविकास सहयोगी, विद्यालय कर्मचारी र विद्यालय सहयोगी | | 5500000 |
| 8 | थप गरिएको द्द व६ा बालविकास सहयोगीलाई तलब | | 400000 |
| 9 | शेर्पा भाषा र आनिपान प०नपा०न | | 300000 |
| 10 | विद्यालय प्रशासन व्यवस्थापन खर्च | | 505000 |
| 11 | उत्कृष्६ शिक्षक, विद्यार्थी तथा विद्यालयलाई पुरस्कार | | 100000 |
| 12 | कक्षा ड र छ को वार्षिक परीक्षा व्यवस्थापन तथा सञ्चालन खर्च | | 200000 |
| 13 | वार्षिक शैक्षिक क्याले०्डर निर्मा०ँ | | 100000 |
| 14 | रानीवन आधारभूत विद्यालय ३ेरावारा | ट | 500000 |
| 15 | मैवाखोला मा.वि. नमुना विकास कार्यक्रम (सि.सि. क्यामरा तथा स्मार्ई वोर्८, प्र.अ. भत्ता समेत) | | 1000000 |
| 16 | पाद्दी आ.वि. फर्निचर व्यवस्थापन | ज्ञ | 200000 |
| 17 | बाल उद्यान निर्मा०ँ जनकल्या०ँ मा.वि. | ज्ञ | 400000 |
| 18 | बालविकास केन्द्रलाई ६ि.भि. ज८ान | ज्ञ | 150000 |
| 19 | अतिरिक्त कक्षा सञ्चालन (कक्षा ड) | द्द | 200000 |
| 20 | मालिङ्गेनी आ.वि. कक्षाकोञ ९लान र मर्मत | द्ध | 300000 |
| 21 | गंङ्गा आ.वि. रङ्रोगन | द्ध | 300000 |
| 22 | नवज्योती आ.वि. मर्मत संम्भार | द्ध | 200000 |

| | | | |
|---|---|---|---|
| 23 | सौरेनी आ.वि. सिलिञ निर्माव | द्ध | 150000 |
| 24 | मंञगलादेवी आ.वि. ३ेराबारा | द्ध | 200000 |
| 25 | पाटीडाँडा मा.वि. घेराबारा | छ | 400000 |
| २६ | हिमालय आ.वि. कम्प्युटर खरिद र खानेपानी पाइप व्यवस्थापन | छ | 120000 |
| 27 | शाहजित आ.वि. कम्प्युटर खरिद | छ | 100000 |
| 28 | जनप्रिय आ.वि. कम्प्युटर खरिद | छ | 100000 |
| 29 | महादेव आ.वि. प्रिन्टर खरिद | छ | 30000 |
| 30 | पाटिडाँडा मा.वि. मा वाल उद्यान निर्माण | छ | 150000 |
| 31 | बेसिक कम्प्युटर ३ महिने तालिम (दलित, महिला, जनजाति र विपन्नहरुलाई लक्षित गरी ३ महिने तालिम) | छ | 200000 |
| 32 | वसाङलुङ आ.वि. मा प्रोटेक्शन वाल र रङ्गरोगन व्यवस्थापन | ट | 300000 |
| 33 | लोकतान्त्रिक सूर्योदय आ.वि. फर्निचर निर्माण | ट | 100000 |
| 34 | एच.पि.एफ को सहयोगमा महेन्द्र मा.वि. सुविधा कार्यक्रम | ट | 1900000 |
| 35 | एच.पि.एफ को सहयोगमा जनकल्याण मा.वि. सुविधा कार्यक्रम | ज्ञ | 1900000 |
| 36 | एच.पि.एफको सहयोगमा गुणस्तरिय शिक्षा कार्यक्रम अन्तर्गत नारायणी मा.वि, पाटिडाँडा मा.वि, महेन्द्र मा.वि र जनकल्याण मा.वि. मा शिक्षकहरुको क्षमता अभिवृद्धि तालिम, वि.व्य.स / शि.अ.स./ समुदाय क्षमता अभिवृद्धि , स्थानीय तहसँग अन्तरक्रिया र विद्यार्थी सहयोग कार्यक्रम | | 2652995 |
| 37 | एच.पि.एफ को सहयोगमा जीवन उपयोगी शिक्षा कार्यक्रम अन्तर्गत नारायणी मा.वि, पाटिडाँडा मा.वि, महेन्द्र मा.वि र जनकल्याण मा.वि. मा शिक्षकहरुको जीवन उपयोगी सिप क्षमता अभिवृद्धि तालिम , कक्षा सन्चालन भत्ता सहजकर्ताको लागि ,शैक्षिक सामग्री तथा विविध | | 3600000 |
| 38 | एच.पि.एफ को सहयोगमा सामाजिक उद्यमशीलता कार्यक्रम अन्तर्गत नारायणी मा.वि, पाटिडाँडा मा.वि, गंङ्गा आ.वि. र जनकल्याण मा.वि. मा २४ जना गरिव अभिभावकहरुलाई व्यवसाय स्थापना तथा आय आर्जन क्रियाकलाप सञ्चालन सचेतना तथा सामाजिक उद्यमशिलता विकास तालिम सञ्चालन | | 72000 |
| 39 | एच.पि.एफ को सहयोगमा सामाजिक उद्यमशीलता कार्यक्रम अन्तर्गत नारायणी मा.वि, पाटिडाँडा मा.वि, गंङ्गा आ.वि. र जनकल्याण मा.वि. मा २० जना गरिव अभिभावकहरुलाई व्यवसाय स्थापना तथा आय आर्जन क्रियाकलाप सञ्चालनार्थ उद्यमशीलता विकास कोष अनुदान सहयोग | | 1040000 |

**स्वास्थ्य तथा पोषण :**

समतामूलक र गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवा प्रणालीका माध्यमद्वारा नागरिकको स्वास्थ्यस्तर सुधारको लागि संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा परिभाषित गरे बमोजिम स्वास्थ्य तथा पोषण क्षेत्रमा बजेट व्यवस्था गरेको छु । मैवाखोला वार्ड नं. २ को ढुङ्गेसाँघु आधारभूत अस्पतालमा सुलभ फार्मेसी सेवा सञ्चालन गर्न बजेट व्यवस्था यसै आर्थिक बर्षदेखि गरेको छु । अध्यक्ष स्वास्थ्य

सहयोग कोषमा गत वर्ष भन्दा बजेट थप गरेको छ । ज्येष्ठ नागरिक तथा अपाङ्ग क र ख वर्गका व्यक्तिहरुलाई घर घरमै गएर स्वास्थ्य परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छ । गर्भवती आमा तथा सुत्केरी आमाहरुको लागि मातृपोषण कार्यक्रम अन्तर्गत उपाध्यक्ष चेसुङ्ग कार्यक्रमको लागि बजेट विनियोजन गरेको छ । यसका साथै मैवाखोला गाउँपालिकाकामा बसोबास गर्ने मानिसहरुको स्वास्थ्यस्तर सुधारको लागि आवश्यक रु १,००,२६,०००।०० बजेट विनियोजन गरेको छ ।

| क्र.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| 1 | अध्यक्ष स्वास्थ्य सहयोग कोष | | 1500000 |
| 2 | ज्ञदृछ जना ज्येष्७ नागरिक तथा अपाङगता क र ख वर्गका व्यक्तिहरुको लागि प्रँथमिक उपचार कि६ वक्स खरिद | | 400000 |
| 3 | ठदृछ जना ज्येष्७ नागरिक तथा अपाङगता क र ख बर्गका व्यक्तिहरुको लागि ३र ३रमै स्वास्थ्य उपचार र परीक्षँ ρ गर्न स्वास्थ्यकर्मीहरुलाई यातायात खर्च | | 250000 |
| 4 | प्राथमिक स्वास्थ्य केन्द्र ९ङ्गेसाँ३मा फार्मेसी सेवा सञ्चालनको लागि | | 1500000 |
| 5 | खोप र अक्सिद्योक्सिन स्ढोर तथा कोल्ड चेनको लागि फ्रिज खरिद | | 500000 |
| 6 | निशुल्क प्रदान गरिने ढड प्रकारका औषधी खरिद | | 2000000 |
| 7 | महिला स्वास्थ्य स्वयम् सेविका मासिक वै७क भत्ता मासिक रु दृ०० को दरले | | 166000 |
| 8 | गर्भवती आमा तथा सुत्केरी आमाका लागि मातृ पोषव कार्यक्रम अन्तर्गत उपाध्यक्ष चेसुङ कार्यक्रम | | 600000 |
| 9 | वडँ र पालिका पूर्व खोप सुनिश्चितता ३ोषवा कार्यक्रम | | 200000 |
| 10 | ल्याव ६ष्६ सामग्री तथा केमिकल खरिद | | 300000 |
| 11 | ३र ३रमा स्वास्थ्य परीक्षवको लागि वि.पि. से६, सुगर ६ष्६ मेसिन, केमिकल , ओइन्६मेन्६ डाइक्लोफेनिक जेल खरिद | | 300000 |
| 12 | छ० वर्ष नाङेका सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रोत्साहन भत्ता सहित विदाई कार्यक्रम | | 360000 |
| 13 | स्वास्थ्य संस्थाहरुको लागि एच.एम.आइ.एस , एल.एम.आइ.एस रजिष्६र ५पाई | | 400000 |
| 14 | अक्सिजन सिलिण्डर भर्न | | 50000 |
| 15 | निशुल्क आयुर्वेद स्वास्थ्य शिविर | | 400000 |
| 16 | स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम | | 700000 |
| 17 | सामुदायिक स्वास्थ्य इकाइ तेल्लाबुङ्ग पार्टेशन | 1 | 350000 |
| 18 | हात्तीखावा स्वास्थ्य इकाई व्यवस्थापन | 2 | 50000 |

## खानेपानी तथा सरसफाई :

मैवाखोला गाउँपालिकाको १० वर्षे खानेपानी, सरसरसफाई तथा स्वच्छता योजना अनुसार मैवाखोला गाउँपालिकाले सबैको लागि सुरक्षित, पर्याप्त तथा समतामुलक सरसफाइ र स्वच्छताको पहुँचलाई संस्थागत रुपमा अगाडि बढाई सन २०३० सम्ममा एक घर एक स्वच्छ धारा पुर्‍याउने लक्ष्य प्राप्तिको लागि यस आ.व. २०८०।०८१ मा खानेपानीको मुहान मर्मत ,संरक्षण साथै सबै खानेपानी आयोजनाहरुको गुणस्तर सुधार, परीक्षण र नयाँ परियोजना सञ्चालनको लागि बजेट रु १,३५,५८,८१५ विनियोजन गरेको छु ।

| क.स. | योजनाको विवरण | ठेगाना , वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| 1 | ल्याव तथा खानेपानी परीक्षपको लागि सामग्री खरिद | | 300000 |
| 2 | क्यारक्यारे समाधिस्थल खानेपानी तथा शौचालय निर्माँ | 1 | 150000 |
| 3 | खानेपानीको लागि जि.डब्लु.ध् सग सहकार्य | 2 | 300000 |
| 4 | वडा नं. द्द भरिको खानेपानी पाइप ड्ड्फुड्ड मर्मत | 2 | 200000 |
| 5 | ३लँ३ले खानेपानी मर्मत संभार | 4 | 250000 |
| 6 | सुकेखोला खानेपानी आयोजना | 4 | 150000 |
| 7 | गौदे खानेपानी मुहान मर्मत | 4 | 100000 |
| 8 | ओखरबाद् खानेपानी मर्मत | 4 | 100000 |
| 9 | मालिङगेनी खानेपानी मर्मत | 4 | 100000 |
| 10 | खम्बुखर्क खानेपानी निर्माँ | 5 | 1000000 |
| 11 | स्वास्थ्यचौंकी भवनको झ्याल ९ोका र खानेपानी व्यवस्थापन | 6 | 300000 |
| 12 | दानाबुञ खानेपानी मर्मत | 6 | 100000 |
| 13 | हाम्फाबुञ खानेपानी मर्मत | 6 | 500000 |
| 14 | जि.डब्लु.टी. सँग साझेदारी गर्ने गरी ओदक खानेपानी परियोजना | 4 | 10008815 |

## युवा तथा खेलकुद :

युवाको विकास तथा खेलकुदका अवसरद्वारा स्वास्थ्य, अनुशासित, सिर्जनशील नागरिक विकासको लागि खेलकुद क्षेत्रलाई रु ३५,५०,००० बजेट विनियोजन गरेको छु ।

| क.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| 1 | राष्ध्रपति रनिञ शिल्ड खेलकुद कार्यक्रम | | 800000 |
| 2 | शिवरात्री मेला लक्षित खेलकुद प्रवर्ध्न कार्यक्रम | | 400000 |
| 3 | विद्यालयस्तरबाद् खेलाडी उत्पादनको लागि खेल प्रशिक्षकको व्यवस्था | | 600000 |
| 4 | युवा तथा खेलकुद प्रवर्ध्न | 3 | 100000 |
| 5 | गैरीगाउँ सास्कृतिक क्लव भवन | 1 | 200000 |
| 6 | मिक्कीफुञ साँस्कृतिक क्लव सुरविरे प्रोद्देक्शन वाल | 1 | 150000 |
| 7 | व्याडमिन्ध्न कोड निर्माँ पिपलचोक | 1 | 100000 |
| 8 | वडा नं. द्द मा खेलकुद प्रवर्ध्न कार्यक्रम | 2 | 200000 |

| | | | |
|---|---|---|---|
| 9 | साम्तु~ खेलमैदान विस्तार | 6 | 200000 |
| 10 | सयावहा~ ६ोल विकास खेल मैदान | 1 | 800000 |

**लक्षित वर्ग तथा सामाजिक समावेशीकरण :**

लक्षित वर्ग तथा सामाजिक समोवेशीकरण अन्तर्गत दलित लक्षित कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइ रु २४,५०,००० विनियोजन गरेको छु ।

| क.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| 1 | दलित लक्षित कार्यक्रम | | 900000 |
| 2 | दलित लक्षित कार्यक्रम वडा नं. ज्ञ को लागि | 1 | 150000 |
| 3 | द्द ३र परिवारलाई भैंसी वितरंँ कार्यक्रम | 2 | 100000 |
| 4 | बालबालिका,महिला तथा ज्येष्ठ नागरिक जनचेतना कार्यक्रम | 4 | 200000 |
| 5 | वडा नं. घ मा आरन ५ाउने कार्यक्रम | 3 | 100000 |
| 6 | बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम | | 800000 |
| 7 | स्थानीय लैंगिक हिंसा निवारण सञ्चालन कोष | | 100000 |
| 8 | आपतकालीन बाल उद्धार कोष स्थापना | | 100000 |

**भाषा, कला, साहित्य, संस्कृति तथा तथा सम्पदा संरक्षण:**

मैवाखोला गाउँपालिकाको भौगोलिक क्षेत्रमा रहेको रैथानै कला, साहित्य, र संस्कृतिको संरक्षण तथा संम्वर्द्धन गर्दै स्थानीय भाषा, कला, साहित्य क्षेत्रको संवर्द्धन र विकास गरी धार्मिक, भाषिक र सांस्कृतिक एकता र सद्भाव कायम गर्नको लागि आ.व. २०८०।०८१ मा रु १,००,००० विनियोजन गरेको छु ।

| क.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| ज्ञ | रैथाने कला ,साहित्य र संस्कृतिको संरक्षंँ तथा प्रव४न | | ज्ञण्ण्ण्ण्ण |

## २.आर्थिक विकास समिति :

### कृषि विकास

प्राङ्गरिक कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी आय आर्जनमा वृद्धि गर्दै तुलनात्मक लाभ भएका बालीको विकास एवम् विस्तार गर्दै मैवाखोला गाउँपालिकालाई कृषिजन्य उत्पादनमा आत्मानिर्भर बनाउनको लागि स्थानीय बजार उत्पादनलाई प्रवर्द्धन गर्नको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । यस बर्ष मैवाखोला गाउँपालिकालाई बेसार खेतिको हव क्षेत्रको रुपमा विकास गर्न विशेष प्राथमिकताका साथ बजेट विनियोजन गरेको छु । जनस्तरको स्वास्थ्यलाई मध्यनजर गर्दै यस आर्थिक वर्षमा पनि कृषि खेती प्रणालीमा रासायानिक विषादीलाई निरुत्साहित गर्दै अर्गानिक कृषि बिकासको लागि यस आर्थिक बर्षमा रु २८,००,००० वजेट विनियोजन गरेको छु ।

| क.स. | योजनाको विवरण | विनियोजित रकम | ठेगाना | विनियोजित बजेट |
|---|---|---|---|---|
| ज्ञ | स्थानीय उत्पादनलाई बजार प्रवर्द्धन कार्यक्रम | ज्ञण्ण्ण्ण्ण | | ज्ञण्ण्ण्ण्ण |
| द्द | माटो परीक्षण प्रयोगशाला निर्माण | घण्ण्ण्ण्ण | | घण्ण्ण्ण्ण |

| | | | | |
|---|---|---|---|---|
| घ | प्राङ्गरिक खेती तालिम | ज्ञण ण ण ण ण | | ज्ञण ण ण ण ण |
| द्ध | जैविक विषादी वितरण कार्यक्रम | छण ण ण ण ण | | छण ण ण ण ण |
| छ | कृषि विज्ञहरुबाट कृषि अनुकुलन अनुसन्धान | छण ण ण ण ण | | छण ण ण ण ण |
| ट | बेसार बिउ खरिद | घण ण ण ण ण | घ | घण ण ण ण ण |
| ठ | सुन्तला प्रवर्द्धन कार्यक्रम | द्दण ण ण ण ण ण | ज्ञ | द्दण ण ण ण ण ण |
| ड | नर्सरी निर्माण तथा व्यवस्थापन | ज्ञण ण ण ण ण | ज्ञ | ज्ञण ण ण ण ण |
| ढ | कागती तथा सुन्तला पकेट क्षेत्र | ज्ञण ण ण ण ण | द्द | ज्ञण ण ण ण ण |
| ज्ञण | मालिङ्गोनी कृषि भवन मर्मत | द्दण ण ण ण ण ण | द्ध | द्दण ण ण ण ण ण |
| ज्ञज्ञ | बेसार खेती प्रवर्द्धन कार्यक्रम | द्दण ण ण ण ण ण | द्ध | द्दण ण ण ण ण ण |
| ज्ञद्द | बेसार खेती प्रवर्द्धन कार्यक्रम | द्दण ण ण ण ण ण | छ | द्दण ण ण ण ण ण |

**सिचाइ तर्फ :**

बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गरी उतपादकत्वमा वृद्धि गर्न यस आर्थिक वर्षमा सिंचाई सुविधा वृद्धि गर्न सिँचाइ कुलोहरुको कार्यक्षमता बढाउन आवश्यक वजेट व्यवस्था गरेको छु । खेती योग्य जमिनहरुमा १२ महिना सिँचाई सेवा उपलव्ध गर्नको लागि विभिन्न योजनाहरुको लागि रु २१,००,००० बजेट व्यवस्था गरेको छु ।

| क.स. | योजनाको विवरण | विनियोजित रकम | ठेगाना | विनियोजित बजेट |
|---|---|---|---|---|
| ज्ञ | माङ्गमाया घुम्तीदेखि हाङ्गयुम्बा नेरासम्म सिँचाई | द्दण ण ण ण ण ण | घ | द्दण ण ण ण ण ण |
| द्द | भुल्के सिँचाई निर्माण | छण ण ण ण ण | ज्ञ | छण ण ण ण ण |
| घ | सिँचाई पाइप खरिद | द्दण ण ण ण ण ण | ज्ञ | द्दण ण ण ण ण ण |
| द्ध | देवी खोल्सा सिँचाई निर्माण | घण ण ण ण ण | ज्ञ | घण ण ण ण ण |
| छ | नयाँवन कुलो मर्मत | घण ण ण ण ण | द्ध | घण ण ण ण ण |
| ट | गम्फेथुके ओरखुम हुँदै वर्थिङ्ग सेन्टरसम्म सिँचाइकुलो मर्मत | छण ण ण ण ण | छ | छण ण ण ण ण |
| ठ | रिठ्ठाबोटे पादोलुङ्ग सिँचाइ कुलो मर्मत | ज्ञण ण ण ण ण | ट | ज्ञण ण ण ण ण |

**पशुपन्छी विकास कार्यक्रम:**

पशुपंक्षी पालनलाई व्यवस्थित, विविधीकरण एवं व्यवसायीकरण र कृषकहरुको आयआर्जनको भरपर्दो श्रोतको रुपमा विकास गर्दै दुध, मासु, अण्डा, छुर्पी जस्ता पशुपन्छी जन्य वस्तुहरुमा आत्मानिर्भर बन्न बजेट व्यवस्था गरेको छु । यस आर्थिक बर्ष २०८०।०८१ मा गाउँपालिकामा पशुपालन तर्फ ५० प्रतिशत अनुदानको व्यवस्था गर्दै पशुपन्छी विकास कार्यक्रममा रु २१,५०,००० वजेट ब्यवस्था गरेको छु ।

| क्र.स. | योजनाको विवरण | विनियोजित रकम | ठेगाना | विनियोजित बजेट |
|---|---|---|---|---|
| 1 | पशुपालन तर्फ छ्ण प्रतिशत अनुदान | 1500000 | | 1500000 |
| 2 | औषधी खरिद | 500000 | | 500000 |
| 3 | मुर्राजातको राँगा खरिद | 150000 | 1 | 150000 |

**सहकारी क्षेत्र :**

सहकारी क्षेत्रको विकास एवम् प्रवर्द्धन गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले यस आर्थिक वर्षमा सहकारी क्षेत्रलाई चलायमान र क्षमता अभिवृद्धि गर्न रु ५,००,००० बजेट बिनियोजन गरेको छु ।

| क्र.स. | योजनाको विवरण | विनियोजित रकम | ठेगाना | विनियोजित बजेट |
|---|---|---|---|---|
| 1 | सहकारी लेखा व्यवस्थापन | 500000 | | 500000 |

**उद्योग तथा व्यवसाय एवम् उद्यम विकासः**

उद्योग क्षेत्र अर्थतन्त्रमा उल्लेखनीय योगदान गर्ने सम्भाव्य क्षेत्रको रूपमा रहेको र कृषि क्षेत्रबाट औद्योगीकरण गर्दै रोजगारी सिर्जना गर्न सहुलियत व्यवसाय कर्जा कोषको स्थापना गर्न आवश्यक बजेट व्यवस्था गर्दै उद्योग व्यवसाय तफ आर्थिक वर्ष २०८०।०८१ को लागि रु ४०,००,००० बजेट विनियोजन गरेको छु ।

| क्र.स. | योजनाको विवरण | विनियोजित रकम | ठेगाना | विनियोजित बजेट |
|---|---|---|---|---|
| 1 | सहुलियत व्यवसाय कर्जा कोष स्थापना | 2500000 | | 2500000 |
| 2 | बेसार उद्योगको ब्राण्डिङ प्याकेजिङ | 800000 | | 800000 |
| 3 | अल्लो कपडा तालिम तथा प्रविधि हस्तान्तरण | 500000 | | 500000 |
| 4 | होटल व्यवस्थापन तालिम | 100000 | 2 | 100000 |
| 5 | अल्लो कपडा तालिम मेट्पा सग सहकार्य | 100000 | 2 | 100000 |

**पर्यटन :**

मैवाखोला गाउँपालिकाको भौगोलिक क्षेत्रमा पर्ने एम जे क्षेत्रमा विकास भइरहेको गुँरास पार्क क्षेत्रलाई निकट भविष्यमा गाउँपालिकाको आम्दानीको स्रोतमा रुपान्तरण गरी पर्यटन व्यवसायलाई विविधीकरण गर्दै रोजगारीसँग आबद्ध गर्नकोलागि गुँरास पार्कको गुरुयोजना निर्माण गर्न रु १८,००,००० बजेट विनियोजन गरेको छु ।

| क्र.स. | योजनाको विवरण | विनियोजित रकम | ठेगाना | विनियोजित बजेट |
|---|---|---|---|---|
| 1 | गुराँस पार्क गुरुयोजना निर्माण | 1800000 | | 1800000 |

**श्रम तथा रोजगारः**

मैवाखोला गाउँपालिकाका सूचीकृत बेरोजगार युवाहरुलाई लक्षित गरी रोजगारीको अवसर प्रदान गर्दै आर्थिक शशक्तीकरणको लागि आ.व. २०८०।८१ मा अध्यक्ष रोजगार कार्यक्रम मार्फत गाउँपालिका भित्रका ६ वटै वडामा लागु हुने गरी रु ६०,००,००० बजेट व्यवस्था गरेको छु ।

| क्र.स. | योजनाको विवरण | विनियोजित रकम | ठेगाना | विनियोजित बजेट |
|---|---|---|---|---|
| 1 | अध्यक्ष रोजगार कार्यक्रम (कार्यपालिकाले आयोजना ५नौ६ गर्ने गरी) | 6000000 | | 6000000 |

**३.पूर्वाधार विकास समिति :**

**सडक पुलपुलेसाः**

मैवाखोला गाउँपालिकाका स्थानीय मानिसहरुलाई सडक, पुल तथा यातायातको पहुँचलाई वृद्धी गरी जनजीवनलाई सहज बनाउने र २०८०।०३।०२ गते रातिदेखि परेको अविरल भारी वर्षाले आएको भीषण बाढी र पहिरोले पुऱ्याएको सडक तथा पुल पुलेसाहरुमा क्षतिलाई मर्मत संम्भार गर्नको लागि बजेट व्यवस्था गरेको छु । मैवाखोला गाउँपालिकाको पूर्वाधारहरुको दिगो उपयोग र मर्मत संम्भारको लागि छुट्टै मर्मत संभार कोषको स्थापना गर्ने व्यवस्था गरेको छु त्यस्तै मैवाखोला गाउँपालिकाको सडकहरुको गूरुयोजना साथै भु- उपयोग योजना निर्माण गर्नको लागि बजेट व्यवस्था गरेको छु । सडक, पुल तथा यातायातको पहुँचलाई वृद्धि गर्नको लागि आर्थिक वर्ष २०८०।०८१ मा सडक, पुल पुलेसा शिर्षकमा रु ४,०३,५०,००० बजेट बिनियोजन गरेको छु ।

| क्र.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| 1 | समुरक कोष | | 15500000 |
| 2 | सडक गुरु योजना निर्माण | | 2000000 |
| 3 | मर्मत संभार कोष | | 2000000 |
| 4 | भू-उपयोग नीति | | 1500000 |
| 5 | मजुवा, ताम्राङ, खाम्सादेन, ओदक, काम्साङ, रानीवन हुदै वडा नं. ८ को वडा कार्यालय सम्म जाने सडक स्तरोन्नती | 4,5,6 | 8000000 |
| 6 | लालिरमिते जोड्ने सडक स्तरोन्नती | 2 | 200000 |
| 7 | कृषि सडक (पहिरो देखि पोक्ला तेम्बे चोक हुँदै पि.एच.सि. सम्म सोलिङ तथा मर्मत) | 2 | 200000 |
| 8 | ओखलढुङ्गे पन्ध्रमुरे इसेरा हुँदै बाक्लोगाउ सडक मर्मत तथा स्तरोन्नती | 2 | 200000 |
| 9 | पन्चमीदेखि कोक्साली हात्तीखावा सडक मर्मत तथा स्तरोन्नती | 2 | 200000 |
| 10 | ड्रिलिप रोडदेखि वास्थला हुँदै झाक्रीगाउँ सम्म सडक सोलिङ्ग स्तरोन्नती | 2 | 200000 |
| 11 | डबलीटार, सिकारीटार मानेडाँडा हुँदै भुसुने मुढे खावाचौर सम्म सडक स्तरोन्नती | 2 | 200000 |

| | | | |
|---|---|---|---|
| 12 | लुङ्गचोक्पा हुँदै दवाडी सम्म जाने सडक स्तरोन्नती | 2 | 200000 |
| 13 | वडाभित्रका सडक मर्मत | 2 | 200000 |
| 14 | नारायवी मा.वि. देखि बत्तिसे सडक निर्माण | 3 | 300000 |
| 15 | धार ३र सोलिङ तथा सत्तल ग्याबियन जाली निर्माण | 3 | 500000 |
| 16 | घ नं. वडा भित्रका सडकहरु को मर्मत | 3 | 300000 |
| 17 | ओखे खोलादेखि दाविलेधार सम्म सडक निर्माण | 3 | 500000 |
| 18 | गेलीडाँडा चौतारे सडक सोलिङ निर्माण | 3 | 400000 |
| 19 | चल्ले माङमाया खोला काठे पुल निर्माण | 3 | 100000 |
| 20 | लुकुवा खोला र बोर्डिङ प्रेउको काठे पुल निर्माण | 3 | 100000 |
| 21 | तिनमाने वोफेदे र ओडारे सडक स्तरोन्नती | 4 | 350000 |
| 22 | बन्सोभीर गोरेटो बाटो मर्मत | 5 | 400000 |
| 23 | कुलबहादुरको ३र डाँडागाउँ देखि पाटीडाडा मा.वि. हुँदै वडा कार्यालय सम्म सडक मर्मत | 5 | 400000 |
| 24 | बमबहादुरको ३रदेखि देवीथान र गमे हल्दारको ३र हुँदै मयुमडाँडा च्यान हुँदै नरेन्द्र कार्कीको ३र अगाडि सम्म सडक निर्माण | 5 | 400000 |
| 25 | रानीवन थोपेबुङ सडक सोलिङ | 6 | 500000 |
| 26 | सेन्चुरी खेतदेखि थुकिया अधुरो मोटर बाटो निर्माण | 6 | 500000 |
| 27 | सुकबीर लिम्बूको ३रदेखि सिन्चोक थाप्ला मोटर बाटो निर्माण | 6 | 200000 |
| 28 | काफ्ले चौतारादेखि थाप्ला गोरेटो बाटो निर्माण | 6 | 200000 |
| 29 | माङमाया फोलुङ्गे पुल | 2,3 | 4600000 |

**भवन तथा वस्ती विकास :**

आवासमा पहुँच र सेवा सुविधा तथा अवसरयुक्त गाउँको निर्माण भई जीवनयापनमा सहजता र सुविधा अभिवृद्धि गर्नको लागि भवन तथा वस्ती विकासमा विशेष प्राथमिकताका साथ बजेट व्यवस्था गरेको छु । स्वच्छ वातावरण र आवासलाई प्राथमिकतामा राख्दै सेवा प्रदानलाई समतामुलक र प्रभावग्राही बनाउनको लागि गाउँपालिकाको प्रसाशकीय भवन निर्माणलाई बजेट व्यवस्था गरेको छु । शिक्षा र स्वास्थ्य क्षेत्रमा बन्ने पूर्वाधारहरुमा विशेष महत्वका साथ बजेट व्यवस्था गर्दै आ.व. २०८०।०८१ मा भवन तथा वस्ती विकासको लागि रु ३,२४,१०,७३० बजेट व्यवस्था गरेको छु ।

| क.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| 1 | प्रशासनीक भवन निर्माण समपूरक तर्फ क्रमागत | 3 | 15000000 |
| 2 | एकीकृत वस्ती विकास संम्भाव्यता अध्ययन | 3 | 1000000 |
| 3 | द्द नं वडाको समावेशी भवन क्रमागत (गाउँपालिकाको आम्दानीको स्रोत हुनेगरी) | 2 | 1000000 |
| 4 | मैवाखोला मा.वि. ड कोठे भवन निर्माण (नमुना विद्यालय विकास कार्यक्रम) | 2 | 6500000 |
| 5 | मैवाखोला घ नं. स्वास्थ्य भवन निर्माण | 3 | 5000000 |

| | | | |
|---|---|---|---|
| 6 | बहुउ३ेशीय कभर्डहल निर्माव (गाउँपालिकाको आयआर्जन हुनेगरी) | 3 | 9700000 |
| 7 | तेम्वे प्रहरी चौकी ३ेरावारा | 2 | 100000 |
| 8 | वडा कार्यालय मर्मत | 2 | 100000 |
| 9 | फुसको ५ाना प्रतिस्थापन कार्यक्रम | 2 | 250000 |
| 10 | सरस्वती आ.वि. गेट तथा ३ेरावारा निर्माँ | 3 | 600000 |
| 11 | श्री सोनाम पेमा ५ृयोलिङ गुम्वाको डि.पि.आर. | 4 | 400000 |
| 12 | वडा कार्यालयमा ९ोका र खानेपानी व्यवस्थापन | 6 | 300000 |
| 13 | जनकल्याण मा.वि. भवन ४ कोठे एच.पि.एफ सँग साझेदारी गरी निर्माण | 1 | 5500000 |
| 14 | एच.पि.एफको सहयोगमा गंगा आ.वि. विद्यालय भवन मर्मत | 4 | 1960730 |

**सुचना, सञ्चार र प्रविधिः**

मैवाखोला गाउँपालिकाका स्थानीय मानिसहरुलाई सहजरुपमा सूचना, सञ्चार र प्रविधिमा पहुँच वृद्धि गरी प्रविधिको प्रयोग, नवप्रवर्तन, समय सदुपयोग र सहज जीवनयापन बनाउनको लागि सूचना, सञ्चार र प्रविधि अन्तर्गत इन्टरनेट कोर प्रणाली स्थापनको लागि रु १६,००,००० बजेट बिनियोजन गरेको छु ।

| क्र.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| 1 | इन्टरनेट कोर प्रवाली स्थापना | | 1600000 |

**नविकरणणीय उर्जा प्रवर्द्धन कार्यक्रम :**

नवीकरणणीय उर्जा कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिँदै केन्द्रीय विद्युत प्रशारण लाइनले नजोडिएको ठाउँमा बसोबास गर्ने स्थानीय वासिन्दाहरुलाई नवीकरणीय उर्जा ( सौर्य उर्जा ) मार्फत उज्यालो मैवाखोला बनाउनको लागि रु १०,००,००० बजेट बिनियोजन गरेको छु ।

| क्र.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| 1 | नवीकरवीय उर्जा प्रव४न कार्यक्रम | | 1000000 |

**४.वन, वातावरण तथा विपद् व्यवस्थापन समिति :**

**वन तथा जैविक विविधताः**

मानव जीवन, वन तथा जैविक विविधता बीच अन्योन्याश्रित एवं परिपूरक सम्बन्ध भएकोले मैवाखोला गाउँपालिकाको वन क्षेत्रको संरक्षण सम्वर्द्धन तथा वातावरण सन्तुलनको निम्ति गुँरास संरक्षण तथा संम्वर्द्धनको गर्न रु १,००,००० बजेट विनियोजन गरेको छु ।

| क्र.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| ज्ञ | गुराँस संरक्षण तथा सम्वर्द्धन र वृक्षरोपण | द्ध | ज्ञण्ण्ण्ण्ण |

**भू-तथा जलाधार व्यवस्थापनः**

बाढी पहिरो, जोखिम तथा संवेदनशील क्षेत्रहरुमा बायो इन्जिनियरिङ सहितको संरचना निर्माण गरी एकीकृत जलाधार व्यवस्थापन मार्फत प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्नको लागि भू-तथा जलाधार व्यवस्थापनको लागि आ.व. २०८०।०८१ मा रु ४,००,००० बजेट विनियोजन गरेको छ ।

| क.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| ज्ञ | बा३धारा ७द्धोखोल्सा तध्बन्धन र बायोइन्जिनियरिङ | ज्ञ | द्दण्ण्ण्ण्ण |
| द्द | पासाङ शेर्पाको ३र ५ुउ ग्याबियन सहितको वाल सहित बायोइन्जिनियरिङ | ट | द्दण्ण्ण्ण्ण |

**वातावरण स्वच्छता तथा फोहोरमैला व्यवस्थापनः**

मैवाखोला गाउँपालिकाका नागरिकलाई स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकलाई ध्यानमा राख्दै सुरक्षित, वातावरणमैत्री ,जलवायुमैत्री एवम् स्वच्छ गाउँपालिकाको निर्माण गर्नको लागि आर्थिक वर्ष २०८०।०८१ मा हरियाली क्षेत्र विस्तार गर्न तथा फोहोरमैला व्यवस्थापन गर्नको लागि रु ३,००,००० बजेट विनियोजन गरेको छ ।

| क.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| ज्ञ | हरियाली क्षेत्र विस्तारको लागि वृक्षरोपव कार्यक्रम | द्द | ज्ञण्ण्ण्ण्ण |
| द्द | फोहोरमैला व्यवस्थापन | | द्दण्ण्ण्ण्ण |

**विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन र अनुकुलन :**

प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न जलवायु परिवर्तनबाट जनजीवनमा पर्ने प्रतिकूल असर तथा प्रभावलाई न्यूनीकरण गर्न मैवाखोला गाउँपालिकाले विपद् जोखिम व्यवस्थापन तथा जलवायू परिवर्तनको अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पीकरण, विपद् प्रतिकार्य, पुनःर्स्थापना र पुनःनिर्माण अनुकुलनको कार्यलाई विशेष महत्व दिँदै आ.व. २०८०।०८१ मा विपद् व्यवस्थापन कोषलाई थप गरेको छु । यसका लागि विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन र अनुकुलन शिर्षकमा रु १३,००,००० बजेट विनियोजन गरेको छु ।

| क.स. | योजनाको विवरण | ठेगाना, वार्ड नं. | विनियोजित रकम |
|---|---|---|---|
| ज्ञ | विपद् व्यवस्थापन कोष | | ज्ञद्दण्ण्ण्ण्ण |
| द्द | विद्यालयस्तरमा जलवायु परिवर्तन र यसका असरहरु सम्बन्धी अभिमुखीकरण कार्यक्रम | | ज्ञण्ण्ण्ण्ण |

**५.सुशासन तथा संस्थागन विकास समितिः**

सुशासनको अनुभूति हुने गरी सार्वजनिक सेवालाई प्रभावकारी र प्रशासनलाई नतिजामुखी बनाउन स्थानीय ऐन, नियम तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वयनमा स्थानीय सबै सरोकारवालाहरुको

सहभागिता र सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासवाट सार्वजनिक सेवा प्रवाहमा सुशासन अभिवृद्धि गर्दै सुशासन तथा संस्थागत विकासतर्फ यस आर्थिक वर्षमा कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि कार्यक्रमलाई समेट्दै सुशासन तथा संस्थागत विकास तर्फ रु ६,७९,१०,८०० विनियोजन गरेको छ ।

| क्र.सं. | कार्यक्रम शीर्षक | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | स्थायी कर्मचारी तलब (ग्रेड, महंगी र स्थानीय भत्ता ,पोशाक) | २००००००० | |
| २ | पदाधिकारी सेवा सुविधा | ५६००००० | |
| ३ | भ्रमण खर्च | ३०००००० | |
| ४ | पदाधिकारी बैठक व्यवस्थापन | १५००००० | |
| ५ | करार कर्मचारीहरुको तलब सुविधा | १६५००००० | |
| ६ | मसलन्द | ३३१०८०० | |
| ७ | सवारी साधन मर्मत | ३२००००० | |
| ८ | कार्यालय सञ्चालन वीमा तथा नवीकरण | ५००००० | |
| ९ | इन्टरनेट महसुल | १०००००० | |
| १० | पानी/विद्युत महसुल | ८००००० | |
| ११ | विविध | २८००००० | |
| १२ | इन्धन | १६००००० | |
| १३ | सञ्चार खर्च | १०००००० | |
| १४ | कम्प्युटर मर्मत तथा खरिद | ७००००० | |
| १५ | स्थानीय कर्मचारी कल्याण कोष | ४००००० | |
| १६ | छपाई तथा प्रकाशन खर्च | ८००००० | |
| १७ | अतिथि सत्कार | ५००००० | |
| १९ | न्यायिक समिति | ८००००० | |
| २० | सिकाइ आदान प्रदानका लागि अन्तर स्थानीय तह अध्ययन अवलोकन भ्रमण | २००००० | |
| २२ | करदाता डाटाबेस तयारी | ३००००० | |
| २४ | पदाधिकारी तथा कर्मचारी क्षमता विकास तालिम | ३००००० | |
| २६ | सार्वजनिक सुनुवाई | ५००००० | |
| २८ | अध्यक्षसँग बालबालिका | ५००००० | |
| ३० | उपभोक्ता हित संरक्षण अभिमुखीकरण कार्यक्रम | २००००० | |
| ३१ | करदाता शिक्षा कार्यक्रम | २००००० | |
| ३३ | सुरक्षा व्यवस्थापन | ३००००० | |
| ३४ | घरभाडा | ६००००० | |
| ३५ | स्वास्थ्य संस्थाहरुको कार्यालय सञ्चालन | ३००००० | |

| | | | |
|---|---|---|---|
| ४३ | सशस्त्र वेश क्याम्प तेल्लाबुङको गेट निर्माण | ५००००० | |

अन्त्यमा यस बजेट अधिवेशन सुरु हुनुपूर्व देखीनै नीति तथा कार्यक्रममा विचार धारणा राखेर सहयोग गर्नुहुने सभाका सदस्यज्यूरु, विभिन्न राजनीतिक दल, दलका प्रतिनिधि, अग्रज समाजसेवीहरु, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अहोरात्र खटिने राष्ट्रसेवक कर्मचारी परिवार, सञ्चारकर्मीज्यूहरु सम्पूर्णलाई धन्यवाद दिन चाहान्छु।

**कमल कुमारी वनेम**
**उपाध्यक्ष**
**मैवाखोला गाउँपालिका**

# मैवाखोला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

२०८०

मैवाखोला गाउँपालिकाको कार्यालय

साँघु, ताप्लेजुङ

## मैवाखोला गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** मैवाखोला गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न राजस्व संकलन गर्ने, कर घटाउने बढाउने, छुट दिने तथा राजस्व प्रशासन सम्वन्धी प्रचलित कानुनलाई संसोधन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २८८ को उपधारा (१ र २) बमोजिम मैवाखोला गाउँपालिकाले यो ऐन बनएको छ।

१. **सक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन २०८०" रहेको छ।

(२) यो ऐनको दफा १,२,३,४,५,६,७,८,९,१०,११,१२,१३, र १४ प्रारम्भ हुनेछन र यो २०८० साल श्रावण १ गतेदेखि मैवाखोला गाउँपालिका भित्रको क्षेत्रमा लागू हुनेछ।

२. **एकीकृत सम्पत्ति करः**गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर/ घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिकाको क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूची-(२) बमोजिम भुमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ। (एकीकृत सम्पत्ति कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)

४. **घर वहाल करः**गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो वहाल रकममा अनुसुची-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल उपर गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यत्ती वा संस्थाले उन, खोटो, जडीबुटी, बनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड सिंङ,प्वाख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसुची-५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-६ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची-७ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा सञ्चालन गरेका हाट बजार, पसलमा वा सरकारी जग्गामा अनुसूची-८ मा उल्लेख भए अनुसार बहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिनेछ।

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपल्बध गराएवापत अनुसूची-९ बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **सेवा शुल्क र दस्तुरः**गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसुची-११मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गाराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइने छैन।

१३. **कार्यविधि :** यो ऐनको कार्यान्वयनको लागि आवश्यकता अनुसार कार्यपालिकाले कार्यविधि स्वीकृत गरी लागु गर्न सक्नेछ।

१४. **संशोधनः** यो ऐनको कुनै दफा वा उपदफा संशोधन गर्नु परेमा गाउँसभाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतले गर्न सक्नेछ।

**अनुसुची -१ (दफा २ सँग सम्बन्धित)**

**(क) सम्पति कर**

| क्र.सं. | कूल मूल्याङ्कन | कूल मूल्याङ्कन | नेपाल सरकारले तोकेको रेन्ज | गाउपालिकाले उठाउने करको दर( रु) |
|---|---|---|---|---|
| १. | ० देखि | रु. ५०,००० सम्म | २५-२०० | २५/- |
| २. | रु. ५०,००१ देखि | रु. १,००,००० सम्म | २५-२०० | ५०/- |
| ३. | रु. १,००,००१देखि | रु. २,५०,००० सम्म | २५-२०० | ७५/- |
| ४. | रु. २५०,००१ देखि | रु ४,००,००० सम्म | २५-२०० | १००/- |
| ५. | रु. ४,००,००१ देखि | रु. ६,००,००० सम्म | २५-२०० | १२५/- |
| ६. | रु. ६,००,००० देखि | रु. ९,००,००० सम्म | २५-२०० | १५०/- |

| | | | | |
|---|---|---|---|---|
| ७. | रु. ९,००,००१ देखि | रु. १०,००,००० सम्म | २५-२०० | २००/- |
| ८. | रु. १०,००,००१ देखि | रु. १२,००,००० सम्म | २५-२०० | २५०/- |
| ९. | रु. १२,००,००१ देखि | रु.१५,००,००० सम्म | २५०-४०० | २७५/- |
| १०. | रु. १५,००,००१ देखि | रु. १७,५०,००० सम्म | २५०-४०० | ३००/- |
| ११. | रु. १७,५०,००१ देखि | रु. १९,००,००० सम्म | २५०-४०० | ३५०/- |
| १२. | रु. १९,००,००१ देखि | रु. २०,००,००० सम्म | २५०-४०० | ४००/- |
| १३. | रु. २०,००,००१ देखि | रु. २२,५०,००० सम्म | ५००-१००० | ५००/- |
| १४. | रु. २२,५०,००१ देखि | रु. २५,००,००० सम्म | ५००-१००० | ६५०/- |
| १५. | रु. २५,००,००१ देखि | रु. २७,००,००० सम्म | ५००-१००० | ७७५/- |
| १६. | रु. २७,००,००१ देखि | रु. २९,००,००० सम्म | ५००-१००० | ८७५/- |
| १७. | रु. २९,००,००१ देखि | रु. ३०,००,००० सम्म | ५००-१००० | १,०००/- |
| १८. | रु. ३०,००,००१ देखि | रु. ३२,००,००० सम्म | १२००-३००० | १,२००/- |
| १९. | रु. ३२,००,००१ देखि | रु. ३५,००,००० सम्म | १२००-३००० | १,५००/- |
| २०. | रु. ३५,००,००१ देखि | रु. ३७,५०,००० सम्म | १२००-३००० | १,७५०/- |
| २१. | रु. ३७,५०,००१ देखि | रु. ४०,००,००० सम्म | १२००-३००० | २,०५०/- |
| २२. | रु. ४०,००,००१ देखि | रु. ४२,५०,००० सम्म | १२००-३००० | २,२५०/- |
| २३. | रु. ४२,५०,००१ देखि | रु. ४७,५०,००० सम्म | १२००-३००० | २,५५०/- |
| २४. | रु. ४७,५०,००१ देखि | रु. ५०,००,००० सम्म | १२००-३००० | ३,०००/- |
| २५. | रु. ५०,००,००० देखि | रु. ६०,००,००० सम्म | ३५००-१०००० | ३,५००/- |
| २६. | रु. ६०,००,००१ देखि | रु. ७०,००,००० सम्म | ३५००-१०००० | ४,५००/- |
| २७. | रु. ७०,००,००० देखि | रु. ८०,००,००० सम्म | ३५००-१०००० | ६,०००/- |
| २८. | रु. ८०,००,००१ देखि | रु. ९०,००,००० सम्म | ३५००-१०००० | ८,०००/- |
| २९. | रु. ९०,००,००१ देखि | रु. १,००,००,००० सम्म | ३५००-१०००० | १०,०००/- |
| ३०. | रु. १,००,००,००१ देखि | रु. १,२०,००,००० सम्म | १२०००-२०००० | १२,०००/- |
| ३१. | रु. १,२०,००,००१ देखि | रु. १,४०,००,००० सम्म | १२०००-२०००० | १४,०००/- |
| ३२. | रु. १,४०,००,००१ देखि | रु. १,६०,००,००० सम्म | १२०००-२०००० | १६,०००/- |
| ३३. | रु. १,६०,००,००१ देखि | रु. १,८०,००,००० सम्म | १२०००-२०००० | १८,०००/- |
| ३४. | रु. १,८०,००,००१ देखि | रु. २,००,००,००० सम्म | १२०००-२०००० | २०,०००/- |

| | | | | |
|---|---|---|---|---|
| **३५.** | रु.२,००,००,००१ देखि | रु. २,५०,००,००० सम्म | २५०००-६०००० | २५,०००/- |
| **३६.** | रु. २,५०,००,००१ देखि | रु. ३,००,००,००० सम्म | २५०००-६०००० | ३०,०००/- |
| **३७.** | रु. ३,००,००,००१ देखि | रु. ३,५०,००,००० सम्म | २५०००-६०००० | ३५,०००/- |
| **३८.** | रु. ३,५०,००,००१ देखि | रु. ४,००,००,००० सम्म | २५०००-६०००० | ४०,०००/- |
| **३९.** | रु. ४,००,००,००१ देखि | रु. ४,५०,००,००० सम्म | २५०००-६०००० | ५०,०००/- |
| **४०.** | रु. ४,५०,००,००१ देखि | रु. ५,००,०००,००० सम्म | २५०००-६०००० | ६०,०००/- |
| **४१.** | रु. ५,००,००,००१ | माथी | | रु २ हजार प्रति हजार |

**ख घर मुल्याङ्कन र ह्रासकट्टी**

| **सि . .नं** | भौतिक संरचनाको वर्गीकरण | आयु वर्ष | भौतिक संरचना | **आयु अनुसारको भौतिक संरचनाको ह्रास कट्टी दर** | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १-३ | ३-६ | ६-९ | ९-१२ | १२-१५ | १५-१८ | १८-२१ | २१-२४ | २४-२७ | २७-३० | ३०-३३ | ३३-३६ | ३६-३९ | ३९-४२ | ४२-४५ | ४५-४८ | ४८-५१ |
| **१** | आर सि .सि. फ्रेम स्ट्रक्चर | ५० | ५०० | १० | १९ | २७ | ३५ | ४० | ४६ | ५२ | ५६ | ६१ | ६५ | ६८ | ७१ | ७४ | ७७ | ७९ | ८१ | ८३ |
| **२** | पिलर बिनाका पक्की घर | ५० | ४०० | १० | १९ | २७ | ३४ | ४० | ४६ | ५२ | ५६ | ६१ | ६५ | ६८ | ७१ | ७४ | ७७ | ७९ | ८१ | ८३ |
| **३** | सिमेन्ट ईटाको जोडाई टिन वा इटाको छाना | ५० | ३०० | ११ | २० | ३० | ३७ | ४४ | ५० | ५५ | ६० | ६४ | ६८ | ७२ | ७५ | ७८ | ८० | ८२ | ८४ | ८६ |
| **४** | ढुँगा माटोको गाह्रो टिन वा इटाको छाना | ३० | २०० | ११ | २० | ३० | ३७ | ४५ | ५० | ५५ | ६० | ६४ | ६८ | | | | | | | |
| **५** | सेन्टर बेरा भएको घर टिन वा टायलको छाना | २५ | २०० | ११ | २० | ३० | ३७ | ४४ | ५० | ५५ | ६० | ६५ | | | | | | | | |
| **६** | ढुँगा माटोको गाह्रो फुसको छाना | ३० | १५० | ११ | २० | ३० | ३७ | ४४ | ५० | ५५ | ६० | ६७ | ६८ | ७२ | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | काठको घर टिनको छाना | २० | १२५ | १३ | २४ | ३५ | ४२ | ५० | ५५ | ६२ | | | | | | | | | | |
| ८ | काठको घर फुसको छाना | २० | ८० | १५ | २७ | ३८ | ४७ | ५५ | ६२ | ६७ | | | | | | | | | | |
| ९ | टाटीले बनेको टिन वा फुसको छानाको घर | १० | ५० | २० | ३६ | ४८ | ६० | | | | | | | | | | | | | |
| **१०** | ढुंगाको पर्खाल | ५० | १०० | ११ | २० | २९ | ३७ | ४४ | ५० | ५५ | ६० | ६४ | ६८ | ७२ | ७५ | ७८ | ८० | ८२ | ८४ | ८६ |

**ग .भौतिक संरचनाको वर्गिकरण तथा दररेट विवरण**

| **सि.नं.** | भौतिक संरचनाको वर्गिकरण | आ.व. ०८०/८१ भौतिक संरचना दररेट |
|---|---|---|
| **१** | **आरसि.सि. फ्रेम स्टक्चर** | |
| | आरसि.सि. फ्रेम स्टक्चर १ तले | २००/- |
| | आरसि.सि. फ्रेम स्टक्चर २ तले | ४००/- |
| | आरसि.सि. फ्रेम स्टक्चर ३ तले | ६००/- |
| | आरसि.सि. फ्रेम स्टक्चर ४ तले | ८००/- |
| **२** | पिलर बिनाको पक्की घर | ४००/- |
| **३** | सिमेन्ट ईटाको जोडाई टिनको छाना | ३००/- |
| **४** | ढुंगा माटोको गाह्रो टिन वा इटाको छाना | २००/- |
| **५** | सेन्टरबेरा भएको घर टिनको छाना | १५०/- |
| **६** | ढुंगा माटोको गाह्रो फुसको छाना | १२५/- |
| **७** | काठको घर टिनको छाना, | १००/- |
| **८** | काठको घर फुसको छाना | ८०/- |
| ९ | टाटीले बनेको टिन वा फुसको छानाको घर | ५०/- |
| १० | ढुँगा वा ईटा को पर्खाल | १००/- |

**घ . क्षेत्र निर्धारण:-**

| क्षेत्र | गाउँपालिकाका क्षेत्रहरु | आगामी आ.व ८०/८१ को लागि प्रस्तावित मूल्याङ्कन दर (प्रति रोपनी) |
|---|---|---|
| बजारक्षेत्र | साँघुपाटी क्षेत्रका घडेरीमा बिक्री हुने जग्गाहरु | रु. ८,००,०००-/ |
| सहायक बजर क्षेत्र | मैवाखोला मा बि तेम्बे  क्षेत्रका घडेरीमा बिक्री हुने जग्गाहरु | रु . ४,००,०००-/ |
| मैवाखोला गाउँपालिका १ नं क्षेत्र | तेल्लावुङ बजार क्षेत्रको पूर्व जनकल्याण मा.वि,पश्चिम बाघधारा,उत्तरमा रुद्र कुमारको खेत र दक्षिण सल बहादुर तामाङको घरसम्मका घरेडीहरु बिक्री हुने जग्गाहरु प्रतिरोपनी | रु. ४,००,०००/- |
| मैवाखोला गाउँपालिका १ नं क्षेत्र | १ नं वडा कार्यालय क्षेत्रको पूर्व सेलुवाखोला,पश्चिम पिपल चोक,उत्तरमा गैरिगाउँको तर्सोबाटो र दक्षिण कुल बहादुर तामाङको घर आसपासका घडेरीहरु बिक्री हुने जग्गाहरु प्रति रोपनी | रु. २,००,०००/- |
| मैवाखोला गउँपालिका १ नं क्षेत्र | साकफारा क्षेत्रको पूर्व सेलुवाखोला, पश्चिम जयखोला,दक्षिण प्रेम तेम्बेको घर आसपास,उत्तरमा कारबारी कान्छाको घर आसपासका घडेरीहरु बिक्रि हुने जग्गाहरु प्रति रोपनी | रु. १,५०,०००/- |
| मैवाखोला गाउँपालिका १ नं क्षेत्र | फट्याङ्ग्रे क्षेत्रको पूर्व श्याम मास्वाको घर, पश्चिम उदय लिम्बुको घर, उत्तरमा अग्नी लिम्बुको घर र दक्षिणमा राजेश मास्वाको घर आसपासका घडेरीहरुमा बिक्री हुने जग्गाहरु प्रतिरोपनी | रु. १,५०,०००/- |
| मैवाखोला गाउँपालिका २ नं क्षेत्र | २ नं वडा कार्यालय क्षेत्रको पश्चिम कविर वनेमको घर, उत्तरमा पदम मुसुहाङको घर ,दक्षिणमा सिंहराज मनरानी ठोट्ने आ.वि पूर्वमा कवीर वनेमकोघर टारी खोल्सा आसपासका घडेरीहरु बिक्री हुने जग्गाहरु प्रति रोपनी | रु. ३,००,०००/- |
| मैवाखोला गाउँपालिका वडा नं ३ क्षेत्र | ३ नं वडा क्षेत्रको पूर्व गौतम डाँडा पश्चिममा आसिके टार उत्तरमा गौरिगाउँ सिरान र दक्षिणमा मदन भण्डारी मार्गबाट ५० मिटर आसपासका घरेडीहरु बिक्री हुने जग्गाहरु प्रति रोपनी | रु. २,००,०००/- |
| मैवाखोला गाउँपालिका वडा नं ४ | ४ नं वडा कार्यालय क्षेत्रको दक्षिणमा देवीखोल्सा, पश्चिममा (गंगा आ.वि) खरवारी टोल आसपास,उत्तरमा नन्द श्रेङको घर, पूर्वमा हिमा भट्टराइको घर आसपासका घरेडीहरु बिक्री हुने जग्गाहरु प्रति रोपनी | रु. २,००,०००/- |
| मैवाखोला गाउँपालिका वडा नं ५ | वडा नं ५ नं कार्यालय क्षेत्रको पूर्वमा पाटीडाँडा मा.वि, पश्चिममा साहजित आ.वि, उत्तरमा लाङसेम्वादेखि केशर वनेमको घर आसपास दक्षिणमा कुल प्रसाद लिम्बुको आसपासका घरेडीहरु बिक्री हुने जग्गाहरु प्रति रोपनी | रु. १,५०,०००/- |
| मैवाखोला गाउँपालिका वडा नं ६ क्षेत्र | ६ नं वडा कार्यालय क्षेत्रको  पश्चिम दानाबुङ खोर्पेखोला GWT खानेपानी मुहान हुँदै नर बहादुर लिम्बुको घर, उत्तरमा गंगा बहादुर लिन्बु र हर्क बहादुर | रु. २,००,०००/- |

| | | |
|---|---|---|
| | लिम्बुको घर, पूर्वमा सुरविर र अजय लिम्बुको घर,दक्षिणमा कुल बहादुर लिम्बुको घर आसपासका घडेरीहरु बिक्री हुने जग्गाहरु प्रतिरोपनी | |
| अन्य ग्रामीण क्षेत्र | अलैची बारी उल्लेख भएका जग्गाहरु | रु. ८०,०००/- |
| अन्य ग्रामीण क्षेत्र | फलफुलखेती | रु . ५०,०००/- |
| अन्य ग्रामीण क्षेत्र | धनहर खेत | रु .४०,०००/- |
| अन्य ग्रामीण क्षेत्र | पाखाबारी | रु . ३०,०००/- |
| अन्य ग्रामीण क्षेत्र | जंगल | रु . २०,०००/- |
| अन्य ग्रामीण क्षेत्र | पाखा,पखेरा,भीरपहरा | रु . १५,०००/- |

**अनुसूची २**

दफा ३ सँग सम्बन्धित

भूमीकर (मालपोत) दर

प्रतिरोपनी

| क्र.स. | विवरण | खेत (प्रतिरोपनी\रु. मा) | बारी (प्रति रोपनी रू.मा) | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल | ४ | ३ | |
| २ | दोयम | ३ | ३ | |
| ३ | सिम | ३ | ३ | |
| ४ | चाहार | ३ | २ | |
| ६ | घडेरी प्रयोजनमा प्रयोग भईरहेको जग्गा | प्रति आना रू. ५० | | |

नोटः- १. अतिरिक्त कर सम्बन्धमा

क) कूल मालपोत शुल्क रु ५ भन्दा  भन्दा कम भएमा एक मुष्ट ५ तिर्नु पर्नेछ । साथै रू. ५ भन्दा कमको रसिद काटिने छैन ।

ख) ५ रोपनी वा सो भन्दा बढी ३० रोपनीसम्म जग्गा भएमा अन्य थप कर लाग्ने छैन ।

ग) ३० रोपनी भन्दा बढी ५० रोपनी सम्म जग्गा  भएमा मालपोत लाग्ने करको अतिरिक्त थप २०% कर लाग्नेछ ।

घ) ५० रोपनी भन्दा बढी ८० रोपनीसम्म जग्गा भएमा थप ३०% अतिरिक्त कर लाग्ने छ ।

ङ) ८० रोपनी भन्दा बढी १०० रोपनी सम्म जग्गा भएमा थप ४०% अतिरिक्त कर लाग्नेछ ।

च) १०० रोपनी भन्दा बढी जग्गा भएमा मालपोत लाग्ने करको अतिरिक्त थप ५०% कर लाग्नेछ ।

नोटः- २ जरीवाना सम्बन्धमा

क) हरेक आ.व.को मालपोत सालवसाली रुपमा आ.व .नसकिदै बुझाउनु पर्नेछ । सो नबुझाए निम्न बमोजिम जरिवाना लाग्नेछ ।

१ .पहिलो वर्ष भए १०%

२ .दोस्रो वर्ष भए २०%

३ .तेस्रो वर्ष भए ३०%

४ .चौथो वर्ष भए ४०%

५ .पाचौ वर्ष भए ५०%

६ .छैठौँ वर्ष भए ६०%

७ .सातौ वर्ष भए ७०%

८ .आठौ वर्ष भए ८०%

९ .नवौं वर्ष भए ९०%

१०, दशौँ वर्ष भए १००%

११ .सो भन्दा बढी जतिसुकै वर्षको बक्यौता भए पनि १२५ % जरिवाना लाग्नेछ ।

## अनुसूची ३ (दफा ४ सँग सम्बन्धित)

## घर बहाल करको दर

| क्र.स. | विवरण | | |
|---|---|---|---|
| १ | कुनै पनि निजी व्यक्तिलाई घर कोठा वहालमा दिएमा घर धनीले गाउँपालिकालाई घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडामा दिएमा | भाडाको १०% | |
| २ | कुनै पनि सार्वजनिक संस्था,सरकारी कार्यालय,निजी बैंक,सहकारी आदिलाई घर,कोठा बहालमा दिएमा | सम्झौताको १०% | |

## अनुसूची ४ (दफा ५ सँग सम्बन्धित)

## व्यवसाय करको दर

## (व्यापार व्यावसाय तर्फ)

| क्र.स. | व्यावसायको प्रकार | दर्ता दस्तुर (रु) | निविकरण दस्तुर (रु.) |
|---|---|---|---|
| १ | किराना पसल | १००० | ५०० |
| २ | चिया नास्ता पसल | ५०० | २५० |
| ३ | घुम्ती पसल | ३०० | १५० |
| ४ | होटल (खाने बस्ने सुविधा भएको) | १२०० | ६०० |
| ५ | थान कपडा पसल | १२०० | ६०० |
| ६ | हार्डवेयर पसल | ४००० | २००० |
| ७ | तरकारी तथा फलफूल पसल | ५०० | २५० |

| | | | |
|---|---|---|---|
| ८ | स्टेसनरी, पुस्तक, पत्रपत्रिका पसल | ५०० | २५० |
| ९ | फेन्सी कपडा पसल | १००० | ५०० |
| १० | औषधी पसल (एग्रोभेट समेत) | १००० | ५०० |
| ११ | टेलरीङ | १००० | ५०० |
| १२ | आरन | ५०० | २५० |
| १३ | फर्निचर पसल | ४००० | २००० |
| १४ | ट्यूसन/ कोचिङ/कम्प्युटर सेन्टर | ५०० | २५० |
| १५ | दर्तावाला मदिरा पसल | २००० | १००० |
| १६ | सुन चाँदी पसल निर्माण समेत | २००० | १००० |
| १७ | भाँडा पसल | १००० | ५०० |
| १८ | घडि रेडियो, मोवाईल लगायत इलेक्ट्रोनिक पसल | १००० | ५०० |
| १९ | घडी रेडियो मोवाईल आदि मर्मत सेन्टर | १००० | ५०० |
| २० | ब्युटिपार्लर, शैलुन (कपाल काट्ने) | १००० | ५०० |
| २१ | मोटर साईकल/अटो रिक्सा मर्मत सेन्टर | ३००० | १५०० |
| २२ | चार चक्के मर्मत सेन्टर | ४००० | २००० |
| २३ | मनी ट्रान्सफर | २००० | १००० |
| २४ | मासु पसल | ४०० | २०० |
| २५ | कस्मेटिक | १००० | ५०० |
| २६ | आर्ट सेन्टर | १००० | ५०० |
| २७ | डिलर | २००० | १००० |
| २८ | सार्वजनिक वा सामुदायिक पुस्तकालय/ सिकाई केन्द्र | १००० | ५०० |
| २९ | प्लाईवोर्ड,सिसा फ्रेम पसल | १००० | ५०० |
| ३० | ल्याव / औषधी पसल | २००० | १००० |

## **उद्योग ब्याबसाय तर्फ**

| **विवरण** | **दर्ता रु** | **नविकरण रु.** |
|---|---|---|
| स -मील फर्निचर उद्योग | ५००० | २५०० |
| कुटानी पिसानी मील | १००० | ५०० |
| थुक्पा, पाउरोटी,बिस्कुट उद्योग | ४०० | २०० |
| हातेकागज उद्योग | २००० | १००० |
| निर्माण उद्योग | ४००० | २००० |
| मर्मत सम्भार उद्योग | १००० | ५०० |
| कृषि /पशु पन्छी/नर्सरी/पोल्ट्री फर्म | १००० | ५०० |

## अनुसूची ५ (दफा-६ सँग सम्बन्धित)

## जडीबुटी, कवाडी र जीवजन्तु करको दर

| क्र.स. | विवरण | दर (प्रति के जी)मा रू. |
|---|---|---|
| १ | जडिबुटी | |
| | चिराईतो निकासी/लौठ सल्ला | १० |
| | सतुवा | १०० |
| | स्याङस्याङगे/बोझो/किबि | ५ |
| | अलैँची | १ |
| | अम्लिसो | १ |
| | प्रकृतिहेरी निर्धारण गरिनेछ | १ देखि १० सम्म |
| २ | कवाडी तर्फ | प्रति केजि/दस्तुर (रु) |
| | सिसा | २ |
| | कागज | १ |
| | फलाम | २ |
| | स्टील | २ |
| | टिन | १ |
| | आल्मुनियम | १ |
| | प्लास्टिक | निःशुल्क |
| | अन्य कवाडी | १ |
| ३ | जीवित जीवजन्तु निकासी कर | |
| | गाइ ,भैँसि | २०० |
| | याक,चौँरी | ३०० |
| | बाख्रा,भैँडा,सुँगुर | १०० |
| | पाठा, पाठी (बाख्रा,भैँडा,सुँगुर) | ३० |
| | कुखुरा,हाँस | १० |

## अनुसूची ६ (दफा ७ सँग सम्बन्धित)

## विज्ञापन कर दर

| **क्र.स.** | **होर्डिङ बोर्ड** | **वाल पेन्टिङ** | **फ्लेक्स** | **डिजिटल बोर्ड वा ग्लोसाइन बोर्ड** | **अन्य** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| प्रति वर्ग फिट प्रति वर्ष | १० | ५ | १० | २० | १०० | |

## अनुसूची ७ (दफा ८ सँग सम्बन्धित)

## मनोरञ्जन करको दर

| क्र.स | **विवरण** | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|
| १ | **मेला महोत्सव** | प्रतिदिन रु २००० | थप कार्यविधि मैवाखोला गाउँपालिका गाउँ कार्यपालिकाले तोक्न सक्नेछ। |
| २ | सिनेमा/डकुमेन्ट्री आदि तयार र प्रदर्शन गरेवापत | ५०० प्रतिदिन | |
| ३ | जादु/चटक,नाटक,सर्कस देखाएवापत | ५०० प्रतिदिन | |

## अनुसूची ८ (दफा ९ सँग सम्बन्धित)

## बहाल बिटौरी शुल्क

**(क) बहाल बिटौरी शुल्क दर**

| क्र.स | विवरण | शुल्क |
|---|---|---|
| १ | मैवाखोला गाउँपालिकाले निर्माण गरेको वा आफ्नो स्वामित्वमा रहेको भवन,जग्गा वा अन्य सम्पत्ति | १,००० प्रतिदिन |
| २ | आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल,ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा यस अघि बनिसकेका अस्थाई टहरा,छाप्रा वा पसल वा आवास | ५००० प्रतिवर्ष |

ख. **हाट बजार कर**

| क्र.स. | व्यावसाय | रू | कैफियत |
|---|---|---|---|
| १ | चिया नास्ता-खानेकुरा बनाउने | ५० | |
| २ | खुद्रा पसल | २० | |

| | | | |
|---|---|---|---|
| ३ | सुँगुर पाठा प्रति गोटा | १०० | |
| ४ | सुँगुर भुनी प्रति गोटा | ५० | |
| ५ | कपडा पसल | १०० | |
| ६ | दाल/खुर्सानी/नुन/अदुवा | १० | |
| ७ | याङ्बेन (प्रतिबोरा) | ५० | |
| ८ | साग सब्जी | १० | |
| ९ | मर्चा | ५० | |
| १० | भाँडा पसल | १०० | |
| ११ | कृषि औजार (कोदालो,खुकुरी,सिकल,हँसिया आदि) | २० | |
| १२ | बाँस बाट बनेको सामान | २० | |
| १३ | मासु पसल | ५० | |
| १४ | चटपटे | २० | |

## अनुसूची ९ (दफा १० सँग सम्बन्धित)

## पार्किङ शुल्क दर

| | | | |
|---|---|---|---|
| | कार्यपालिकाले पछि निर्धारण गरे बमोजिम हुनेछ। | | |

## अनुसूची १० (दफा ११ सँग सम्बन्धित)

**(क) सेवा, शुल्क \दस्तुर**

| क्र.स. | विवरण | सिफारिस\प्रमाणित दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | १० | |
| २ | **नागरिकता सम्बन्धी सिफारिस** | | |
| | नयाँ नागरिकता शिफारिस | १०० | |
| | अङ्गीकृत नागरिकता सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| | नागरिकता प्रतिलिपि सिफारिस | ३०० | |
| | वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस | ३०० | |
| | सनाखत सम्बन्धी सिफारिस | २०० | |
| ३ | **जग्गाको स्रेस्ता कार्यान्वयन र दर्ता सिफारिस** | | |
| | बजार क्षेत्र र राजमार्ग सँग जोडिएको जग्गा प्रति रोपनी | १०० | |
| | ग्राभेल सडकले जोडिएको जग्गा प्रति रोपनी | ५० | |
| | कच्ची सडकले जोडिएको जग्गा प्रति रोपनी | २५ | |
| | अन्य जग्गा प्रति रोपनी | २० | |
| ४ | **जग्गाको चार किल्ला प्रमाणित (प्रति कित्ता)** | | |
| | १५ रोपनी सम्म | ५०० | |
| | ३० रोपनी सम्म | ७०० | |
| | ३० रोपनी भन्दा बढी | १००० | |
| ५ | **जग्गा चार किल्ला सिफारिस** | | |
| | १५ रोपनी सम्म | ५०० | |
| | ३० रोपनी सम्म | ७०० | |
| | ३० रोपनी भन्दा बढी | १००० | |
| ६ | **घर जग्गा मूल्याङ्कन र आम्दानी प्रमाणित** | | |
| | घर जग्गाको मूल्याङ्कन प्रति हजार | रू २ | |
| | आम्दानी प्रमाणित प्रति हजार | रू २ | |
| | विद्यार्थी भिषा प्रयोजनको लागि | २५% छुट | |
| ७ | घरबाटो प्रमाणित | ५०० | |
| ८ | धनीपूर्जामा घर कायम | ५०० | |
| ९ | **जग्गा सम्बन्धी अन्य सिफारीश** | | |
| | पूर्जामा विवरण संशोधन | २०० | |

| | | | |
|---|---|---|---|
| | पुर्जा हराएको | २०० | |
| | जग्गा नरबढी कायम | ५०० | |
| १० | **पेन्सन सम्बन्धी सिफारीश** | | |
| | पेन्सन नामसारी | ५०० | |
| | परिवार विवरण प्रमाणित | ५०० | |
| | रहल पहल पेन्सन जीवित सिफारिस | ५०० | |
| ११ | **घर सार्ने सिफारिस** | | |
| | एक तले घरको काठ | २०० | |
| | दुई वा सो भन्दा बढी तले घरको काठ | ४०० | |
| १२ | **निजी वनको काठ सिफारिस** | | |
| | दाउरा प्रति ट्रयाक्टर | ५० | |
| | गोलिया काठ रुख प्रति गोटा | २०० | |
| १३ | **अन्य सिफारिश** | | |
| | नाता प्रमाणित | २५० | |
| | स्थायी बसोवास, चाल चलन प्रमाणित | २०० | |
| | जन्म, मृत्यु, विवाहित, अविवाहित प्रमाणित | २०० | |
| | वैदेशिक रोजगार प्रमाणित | २०० | |
| | कर चुक्ता प्रमाणित | २०० | |
| | विद्युत, फोन, धारा जडान सिफारिस | २०० | |
| | नाबालक परिचय पत्र सिफारिस | २०० | |
| | अपाङ्ग सिफारिस | निशुल्क | |
| | आर्थिक अवस्था कमजोर वा विपन्नता सिफारिस | निशुल्क | |
| | दुई वटा नाम प्रमाणित सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| | आदिवासी\ जनजाति दलित, अल्पसंख्यक, मुस्लिम, मधेसी, पिछडिएका वर्ग सिफारिस प्रमाणित | २०० | |
| | आर्थिक रुपमा बलियो वा सम्पन्नता सिफारिस | ५०० | |
| | परिवार विवरण प्रमाणित | ३०० | |
| १४ | **मौजुदा सुची सुचीकरण दस्तुर** | ५०० | |
| | **विभिन्न प्रकृतिका सिफारिस** | **३००** | |
| १५ | **घरायसी राजिनामा प्रमाणित** | | |
| | घर जग्गा घरायसी राजिनामा लिखत प्रमाणित | ३०० | |
| | कपाली तमसुक प्रमाणित | ३०० | |
| १६ | **घर नक्सा पास** | | |
| | नयाँ निर्माण प्रतिवर्ग फुट | ५ | |
| | पुरानो प्रति वर्ग फुट | ५ | |
| | कम्पाउण्ड वाल प्रति वर्ग फुट | ५ | |
| १७ | **बिक्री आय** | | |
| | पुराना सामान दाउरा काठ बिक्री प्रति ट्र्याकटर | १०० | |
| | ऐन, नियमावली, कार्यविधि, गाउँपार्श्व चित्र आदि तोकिए बमोजिम हुने | | |
| | कार्यालयको कागजात उतार प्रतिलिपि प्रतिपाना | १० | |
| १८ | **पञ्जीकरण सम्बन्धी** | | |
| | घटना दर्ता प्रतिलिपि | ४०० | |
| | ३५ दिन भित्रको घटना दर्ता भएमा | निशुल्क | |
| | जम्म दर्ता (३५ दिन पछि दर्ता हुन आएमा) | २०० | |
| | मृत्यु दर्ता (३५ दिन पछि दर्ता हुन आएमा) | २०० | |
| | विवाह दर्ता (३५ दिन पछि दर्ता हुन आएमा) | २०० | |

| | | | |
|---|---|---|---|
| | बसाइसराई (आफ्नै पालिका (मैवाखोला गाउँपालिका) भित्र बसाइँ सराई हुन आएमा | निशुल्क | |
| | बसाइँ सराई (आफ्नो पालिका \मैवाखोला गाउँपालिका) भन्दा बाहिर अन्यत्र गएमा | १००० | |
| | सम्बन्ध विच्छेद दर्ता | ५०० | |
| १९ | **परीक्षा सञ्चालन सम्बन्धी शुल्क** | | |
| | अधिकृत स्तर | १५०० | |
| | सहायक स्तर पाँचौ वा सो सरह | १००० | |
| | सहायक स्तर चौँथो वा सो सरह | ८०० | |
| | श्रेणी विहीन | ३०० | |

(ख) **आय/ हैसियत सम्पतिको मुल्याङकन प्रमाणित दस्तुर-**

| क्र.स | विवरण | एकाई | दर (रु) | कैफियत |
|---|---|---|---|---|
| १. | ५० हजारसम्म रु | १ | २००/- | |
| २. | ५० हजारदेखि १ लाख सम्म | १ | ४००/- | |
| ३. | १ लाख देखि ५ लाखसम्म | १ | ८००/- | |
| ४. | ५ लाख भन्दा माथि १० लाख सम्म | १ | १२५०/- | |
| ५. | १० लाख भन्दा माथि २५ लाख सम्म | १ | २५००/- | |
| ६. | २५ लाख भन्दा माथि ५० लाख सम्म | १ | ३७५०/- | |
| ७. | ५० लाख भन्दा माथि १ करोड सम्म | १ | ६,०००/- | |
| ८. | १ करोड भन्दा माथि २ करोड सम्म | १ | १२,५००/- | |
| ९. | २ करोड भन्दा माथि................ | १ | १८,०००/- | |

माथि उल्लेखित आय/ हैसियत सम्पति मूल्याङ्कन **अंग्रेजी भाषामा** आवश्यक भएमा थप रु ४००/- दस्तुर लाग्ने छ।

**(ग) मेशिनरी उपकरणको भाडा शुल्कः**

| क्र.स | विवरण | दर रु | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | भ्याकु लोडर (इन्धन बाहेक) | प्रति घण्टा १५०० (अपरेटर शुल्क प्रति घण्टा-२००) जम्मा रु १७०० प्रति घण्टा | |
| २. | रोलर (इन्धन बाहेक) | प्रति घण्टा रु २५००/-(अपरेटर शुल्क प्रति घण्टा २००) जम्मा रु २७०० | |
| ३. | प्रोजेक्टर | रु ५०० प्रतिदिन | |
| ४. | जेनेरेटर (इन्धन बाहेक) | रु १००० प्रतिदिन | |

**(घ) मिटिङ हल भाडा शुल्क**

| क्र.स | विवरण | दिन | दैनिक | कैफियत |
|---|---|---|---|---|
| १ | हल भाडा (साउन्ड सिस्टम समेत) | प्रति दिन | १,०००/- | |

**(ङ) मैवाखोला गाउँपालिकाले आफ्नो एम्बुलेन्स सञ्चालन गर्दा देहाय बमोजिमको सेवा शुल्क लगाइनेछ ।**

| क्र.स | देखि | सम्म | सेवा शुल्क (रु) | मैवाखोला गा.पा केन्द्रबाट (रु) | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | काफ्ले चौतारा ६ नं वडा सम्म | २५००/- | २०००/- | |
| २. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | तेल्लाबुङ,सागफारा र फटेङ्ग्रे सम्म | १०००/- | १५००/- | |
| ३. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | मुडे,भुसुने र लाली सम्म | १०००/- | १५००/- | |
| ४. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | कामसाङ,चिम्फाक ५ नं वडा सम्म | २५००/- | २०००/- | |
| ५. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | ओदक सम्म | २०००/- | १०००/- | |
| ६. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | ४ नं वडा मालिङगेनी ताम्रराङ सम्म | १५००/- | ९००/- | |
| ७. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | ताप्लेजुङ जिल्ला अस्पताल सम्म | ६०००/- | ७,०००/- | |
| ८. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | फुङलिङ हुँदै गोपेटार सम्म | ८,०००/- | ८,०००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | फुङलिङ हुँदै फिदिम सम्म | १०,०००/- | १०,०००/- | |
| १०. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | फुङलिङ हुँदै इलाम सम्म | १३,०००/- | १३,०००/- | |
| ११. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | फुङलिङ हुँदै झापा (विर्तामोड) सम्म | १५,०००/- | १५,०००/- | |
| १२. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | फुङलिङ हादै झापा दमक सम्म | १६,०००/- | १६,०००/- | |
| १३. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | फुङलिङ हुँदै इटहरी सम्म | १७,०००/- | १७,०००/- | |
| १४. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | फुङलिङ हुँदै धरान, विराटनगर सम्म | १८,०००/- | १८,०००/- | |
| १५. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | फुङलिङ हुँदै काठमाण्डौं सम्म | ४०,०००/- | ४०,०००/- | |
| १६. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | फुङलिङ हुँदै तमोर करिडोर हुदै धरान सम्म | १५,०००/- | १५,०००/- | |
| १७. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | फुङलिङ हुँदै तमोर करिडोर विराटनगर सम्म | १६,०००/- | १६,०००/- | |
| १८ | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | गुफा,चौकी,मंगलवारे हुँदै धरान सम्म | १५,०००/- | १५,०००/- | |
| १९. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | गुफा,चौकी, मंगलबारे हुँदै विराटनगर सम्म | १६,०००/- | १६,०००/- | |
| २०. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | गुफा, चौकी, मंगलबारे हुँदै दमक सम्म | १७,०००/- | १७,०००/- | |
| २१ | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | गुफा,चौकी मगलबारे हुँदै विर्तामोड सम्म | १८,०००/- | १८,०००/- | |
| २२. | प्राथमिक स्वास्थ्य केन्द्र, ढुङ्गेसाँघु (PHC) | गुफा,चौकी,मंगलबारे हुँदै काठमाण्डौं सम्म | ३५,०००/- | ३५,०००/- | |

**नोटः** मैवाखोला गाउँपालिकाभित्रका गर्भवती आमाहरुलाई ३ वटै वर्थिङ सेन्टरमा सुत्केरी गराउन (एक तर्फी) ल्याए वापत निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।(स्वास्थ्य संस्थाबाट घरसम्म एम्बुलेन्स सेवा प्रयोग गरेवापत माथि प्रचलित दरमा शुल्क लाइनेछ)

अत्यन्त न्यून आर्थिक अवस्था (गा.पा को न्यून आर्थिक अवस्था भएका घरपरिवार सूचीकृत हुनुपर्ने) भएका व्यक्तिहरुलाई निःशुल्क एम्बुलेन्स सेवा उपलव्ध गराइनेछ।

(च) फोहोरमैला व्यवस्थापन शुल्क

| क्र.स | विवरण | शुल्क (रु) मासिक | कैफियत |
|---|---|---|---|
| १ | सबै प्रकारका होटल व्यवसाय | २०० | |
| २ | चिया/नस्ता/जुस पसल | ५० | |
| ३ | बधशाला /फ्रेस हाउस | १०० | |
| ४ | माथि उल्लेखित बाहेक अन्य व्यवसाय पसलहरुका लागि | १०० | |
| ५ | घर भित्रबाट निस्कने फोहोर | ३० | |

गाउँपालिकाले तोकेको स्थान बाहेक अन्यत्र जथाभावी फोहोर फाल्ने व्यक्ती वा निकायलाई रु ५०० देखि २००० सम्म जरिवाना गरिनेछ।

**(छ) <u>राजपत्र दस्तुरः</u>**

| क्र.स | विषय | प्रति गोटा (रु) | कैफियत |
|---|---|---|---|
| १. | १ देखि ८ पेज सम्म एक प्रतिको | ५/- | |
| २. | ९ देखि २४ पेजसम्म एक प्रतिको | १०/- | |
| ३. | २५ देखि ४० पेजसम्मको एक प्रतिको | १५/- | |
| ४. | ४१ देखि ५६ पेजसम्म एक प्रतिको | २०/- | |
| ५. | ५७ देखि ७२ पेजसम्म एक प्रतिको | २५/- | |
| ६. | ७३ देखि ९६ पेजसम्म एक प्रतिको | ३०/- | |
| ७. | ९७ पेज देखि माथि...... | ३५/- | |

**(ज) <u>नदीजन्य तथा प्रकृतिक श्रोतबाट लाग्ने बिक्री कर</u>**

यस मैवाखोला गाउँपालिका क्षेत्रमा भएका नदी तथा नदीजन्य तथा अन्य प्राकृतिक श्रोतबाट विक्रीहुने देहाय बमोजिम बिक्री कर लाग्ने छ।

| क्र.स | विवरण | दर (रु) | कैफियत |
|---|---|---|---|
| १. | प्रति ट्र्याक्टर | ५००/- | |
| २. | प्रति टिफर/ट्रक | १०००/- | |

**(झ) <u>वित्तिय संस्था/ समुह दर्ता तथा उपभोक्ता समिति/समुह दर्ता/शुचिकृत</u>**

| क्र.सं. | संस्था वा समूहको नाम | सुचिकृत शुल्क वार्षिक | दर्ता शुल्क | नविकरण (रु.) वार्षिक |
|---|---|---|---|---|
| १ | संस्था | | २००० | १,००० |
| | सहकारी संस्था | १००० | - | - |
| | गैर सहकारी संस्था | १००० | - | - |
| | अन्य संस्थाहरु | १००० | - | - |
| २ | आमा समूह | - | ५०० | २०० |
| ३ | उपभोक्ता समिति | | २००० | १,००० |
| | सामुदायिक वन उपभोक्ता समिति | १००० | - | - |
| | सिचाई उपभोक्ता समिति | १००० | - | - |
| | खानेपानी उपभोक्ता समिति | १००० | - | - |
| | अन्य उपभोक्ता समितिहरु | १००० | - | - |
| ४ | निजी विद्यालय | - | १०००० | ५००० |
| ५ | निजी विद्यालय कक्षा थप | - | २००० | ० |
| ६ | निर्माण व्यवसाय दर्ता | ७५०० | १५००० | ७५०० |
| ७ | वित्तीय सेवा | | | |
| | वाणिज्य बैंक (नेपाल सरकारको पूर्ण स्वामित्व बाहेक) | ५००० | - | - |
| | वित्तीय कम्पनी (मुख्य कार्यालय भएको) | १००० | - | - |
| | बीमा कम्पनी | १००० | - | - |
| | वित्तीय कम्पनी (शाखा कार्यालय,मनी एक्सचेन्ज,शेयर कारोबार) | १००० | - | - |
| | सहकारी बैंक | १००० | - | - |
| | अन्य वित्तीय सेवा | १००० | - | - |

(ञ) पशु सेवा शुल्क

| क्र,स | | विवरण | दर |
|---|---|---|---|
| १ | | गाई भैंसि | प्रति पशु रु २० |

| | | | |
|---|---|---|---|
| | पशु उपचार सेवा | भेंडा, बाखा, बङ्गुर, खरायो, पन्छी जाति | प्रति पशु रु १० |
| | | कुकुर, बिरालो | प्रति पशु रु १० |
| | | घोडा,बाँदर (घरपालुवा) र अन्य वन्यजन्तु | प्रति पशु रु ५० |
| २ | प्रयोगशाला सेवा | गोवर/पिसाव परीक्षण | प्रति पशु रु १० |
| | | थुनेलो/छाला परीक्षण | प्रति पशु रु १० |
| | | रगत परीक्षण | प्रति पशु रु २५ |
| | | पन्छी पोष्टमार्टम | प्रति पन्छी रु १० |
| | | कुकुर,विरालो पोष्टमार्टम | प्रति पशु रु १०० |
| | | गाई भैंसि पोष्टमार्टम | प्रति पशु रु ५० |
| | | घोडा/ बाँदर र अन्य वन्यजन्तुको पोष्टमार्टम | प्रति पशु रु २०० |
| | | भेडा/बाखा/ बङ्गुरको पोष्टमार्टम | प्रति पशु रु १०० |
| ३ | कृतिम गर्भाधान सेवा | गाई/भैंसी /बाखा | प्रति पशु रु २५ |
| ४ | पशु बन्ध्याकरण | बोका/थुमा | प्रति पशु रु २५ |
| | | बहर/राँगा | प्रति पशु रु ५० |

(ट) आधारभुत आयुर्वेद सेवा शुल्क

| क्र.स | विवरण | शुल्क | |
|---|---|---|---|
| १ | पञ्चकर्म सेवा (स्नेहन,स्वेदन,शिरोधारा,धुम्न र मर्दन) | रु १०० | |
| २ | नियमित योग प्रशिक्षण सेवा (कम्तीमा ३ महिना) | रु १०० | |

**(ठ) ल्याव सेवा शुल्क :**

| S.N | Service Name | Group Name | Rate(Rs) |
|---|---|---|---|
| १ | Bilirubin t/d | Biochemistry | २०० |
| २ | Blood sugar fasting | Biochemistry | ५० |
| ३ | Blood sugar pp | Biochemistry | ५० |
| ४ | Blood sugar random | Biochemistry | ५० |
| ५ | Creatinine | Biochemistry | २०० |
| ६ | Urea | Biochemistry | १५० |
| ७ | DC | Hematology | ७० |
| ८ | TC | Hematology | ७० |
| ९ | Hemoglobin HB | Hematology | ६० |
| १० | RBC count | Hematology | ५० |
| ११ | ASO titer | Immunology | २०० |
| १२ | Blood Grouping | Immunology | ७० |
| १३ | CRP | Immunology | १५० |
| १४ | RA factor | Immunology | १५० |
| १५ | UPT | Immunology | १०० |
| १६ | Occult blood | Parasitology | १५० |
| १७ | Stool R/E | Parasitology | ५० |
| १८ | Urine R/E | Parasitology | ५० |
| १९ | HBs Ag | Serology | २०० |
| २० | HIV | Serology | Free |
| २१ | VDRL S | Erology | १०० |
| २२ | Widal test | Serology | १५० |
| २३ | HCV | virology | २०० |

| | | | |
|---|---|---|---|
| २४ | AFB test | Microbiology | Free |
| २५ | ANC Profile | Hematology & Immunology | ५०० |
| २६ | SGOT | Biochemistry | १५० |
| २७ | SGPT | Biochemistry | १५० |
| २८ | Triglyceride | Biochemistry | १०० |
| २९ | Total Cholesterol | Biochemistry | १०० |
| ३० | Uric Acid | Biochemistry | १०० |
| ३१ | Typhoid IGg/IGm | Immunology | १५० |
| ३२ | MP Serology | Immunology | Free |
| ३३ | H. pylori | Prasitology | ५०० |
| ३४ | Acetone | Prasitology | १५० |
| ३५ | Calcium | Biochemistry | ३०० |
| ३६ | Total protein | Biochemistry | १५० |
| ३७ | Albumin | Biochemistry | १०० |
| ३८ | Potassium | Biochemistry | १५० |
| ३९ | Amylase | Biochemistry | ४०० |
| ४० | PT \ INR | Biochemistry | ३०० |
| ४१ | Alkaline phosphate | Biochemistry | १५० |
| ४२ | Troponin | Biochemistry | ५०० |
| ४२ | (Covid) antizen | Biochemistry | Free |
| ४४ | Dengue | Biochemistry | Free |

**(ङ) X-RAY \ ECG\USG सेवा शुल्क**

| S.N. | Parts of X-Ray | Rate | कैफियत |
|---|---|---|---|
| 1 | Chest X – Ray AP/PA (Adult) | 400 | |

| | | | |
|---|---|---|---|
| 2 | Chest X – Ray AP/PA (child) | 200 | |
| 3 | Hand/Wrist/Forearm/Elbow AP/LT (both) | 200 | |
| 4 | Foot/Ankle joint AP/LT (both) | 200 | |
| 5 | Knee Joint fumar AP/LT | 200 | |
| 6 | Shoulder/Clavicle AP (both) | 200 | |
| 7 | Abdomen AP (Adult) | 400 | |
| 8 | Abdomen AP (child) | 200 | |
| 9 | ECG | 200 | |
| 10 | USG | 600 | |

**(ढ) स्थानीय पूर्वाधार सेवा शुल्क**

| क्र.स | सवारी साधनको प्रकार | दस्तुर रु. (१ दिनको) |
|---|---|---|
| १ | ट्र्याक्टर | १०० |
| २ | वस/ट्रक | १०० |
| ३ | कार/जिप/भ्यान/ट्याक्सी | ३० |

(ण) श्रम सेवा सुल्क :

| क्र.स | विवरण | शुल्क (रु) | कैफियत |
|---|---|---|---|
| १ | वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति/पुनः श्रम स्वीकृति | 500 | |

**(कमल कुमारी लिम्बु)**
**उपाध्यक्ष**
**मैवाखोला गाउँपालिका**

सभाका सदस्यज्यूहरु, अब म प्रस्तुत विधेयक उपर छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूलाई अनुमति दिन्छु । विधयेकका उपर सामान्य छलफलमा भाग लिन चाहनु हुने सदस्यहरूले दायाँ\वायाँतर्फ रहनुभएका सभाका सचिव समक्ष नाम टिपाउन वा सङ्केत गर्न सक्नुहुनेछ ।

सभाका सदस्यज्यूहरू, "मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८०" मा संशोधन हाल्न चाहनु हुने सदस्यहरूलाई १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन २०७५ को दफा २९ को उपदफा १ बमोजिम २४ घण्टाको समय उपलब्ध गराइएको र उक्त समय अहिलेबाट प्रारम्भ भएको जानकारी गराउँदछु । संशोधन प्रस्ताव राख्न चाहने सदस्यहरूले आफ्नो प्रस्ताव सभाको सचिवमार्फत सचिवालयमा दर्ता गराउन सक्नुहुने जानकारी गराउँछु ।

सभाका सदस्यज्यूहरू, अब म १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३३ को उपदफा ११ बमोजिम विधेयक प्रस्तुतकर्ता उपाध्यक्ष श्री कमल कुमारी लिम्बुलाई "मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८०" सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सभामा पेश गर्न अनुमति दिन्छु ।

**(प्रस्ताव)**

**आगामी आ.व. ०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८० का सम्बन्धमा छलफल गरियोस भन्ने प्रस्ताव**

**सभा अध्यक्ष महोदय,**

अध्यक्ष ज्यूको अनुमतिले मैवाखोला गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक, २०८० यस सम्मानित सभामा छलफल गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

**धन्यवाद !**

**उपाध्यक्ष**

**कमल कुमारी लिम्बु**

अब, म उपाध्यक्ष श्री कमल कुमारी लिम्बुले यस सभामा पेश गर्नु भएको “मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८०” सभामा छलफल गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु।

प्रस्तावको पक्षमा हुने सदस्यहरूले **“हुन्छ”** भन्नुहोला र प्रस्तावको विपक्षमा हुने सदस्यले **“हुन्न”** भन्नुहोला।

प्रस्तावको पक्षमा हुने सदस्यले **“हुन्छ”** भन्नुहोस्।

प्रस्तावको विपक्षमा हुने सदस्यले **“हुन्न”** भन्नुहोस्।

**“हुन्छ”** भन्ने पक्षमा रहनुहुने सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

**अथवा**

**“हुन्न”** भन्ने आवाज नसुनिएकोले “मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८०” छलफलको लागि सभामा पेश गरियोस् भन्ने प्रस्ताव सर्वसम्मत रूपमा स्वीकृत भएको घोषणा गर्दछु।

सभाका सदस्यज्यूहरू, अब १ नं. प्रदेशको गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३३ को उपदफा ११ बमोजिम प्रस्तुत “मैवाखोला गाउँपालिकाको आगामी आ.व. २०८०।८१ को विनियोजन विधेयक र आर्थिक विधेयक २०८०” माथिको छलफल प्रारम्भ हुन्छ।

सर्वप्रथम सदस्य श्री....................लाई अनुमति दिन्छु। समय ३ मिनेट।

अर्का सदस्य श्री....................लाई अनुमति दिन्छु। समय ३ मिनेट।

सभाका सदस्यज्यूहरू, आजको निर्धारित कार्यसूचीमा छलफल सकिएको जानकारी गराउँदछु। सभाको अर्को बैठक २०८० असार २२ गते दिनको १२:०० बजे बस्ने गरी स्थगित गर्दछु।

**धन्यवाद !**